संघर्ष, स्वाभिमान र स्वावलम्बन

साहसिक पत्रकारिता

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३२८, ● अंक २० ● २०८१ साल साउन १-१५ गते (16 June, 30 July , 2024) ● मूल्य रु. १०

# राजेन्द्र महतोले यसरी गर्दैछन् विद्रोहको तयारी



सेतै दाह्री, कपाल र सेतै धोती, कुर्तामा देखिने राजेन्द्र महतोमा यतिबेला गज्जबको जोश देखिन्छ। ६६ वर्षीय महतोमा कुनै युवाभन्दा कम जोश छैन। यो उमेरमा पनि एउटा क्रान्तिको शंखनाथ गर्नुभएको छ। मधेशको समथल जमिनमा लामो राजनीतिक अनुभव बटुल्नु भएका राजेन्द्र महतो अहिले हिमाल र पहाड उक्लिन थाल्नुभएको छ। हिमाल र पहाडको उकालो गोरेटो बाटो चढ्न पनि उहाँलाई गाह्रो छैन किनभने कहिले लौरोको सहयोगमा उकालो काट्नु हुन्छ भने कहिले आफ्ना सहयोगीका साथ उकालो चढ्नु हुन्छ। विभिन्न कार्यक्रम लिएर उहाँले देशको सुदुरपूर्व याङवारदेखि पश्चिमको बुर्तिवाङसम्मका जनताको घरघर पुगिरहनु भएको छ। साँच्चै राजेन्द्र महतोको यो अर्को रुप हो।

उहाँ थाक्नु भएको छैन किनभने उहाँमा क्रान्तिको एउटा भुत सवार भएको छ र त्यसलाई सफल बनाएर मात्र विश्राम लिने कसम खानु भएको छ। त्यसैले उहाँले आफ्नो अभियानको नाम नै दिनुभएको छ 'राष्ट्रिय मुक्ति क्रान्ति।' मधेश मुक्तिका लागि संघर्ष गर्दागर्दै दाह्री, कपाल फुलाएर आधाभन्दा बढी वसन्त पार गरिसक्नु भएका राजेन्द्र महतो यतिबेला आएर राष्ट्रिय मुक्तिको कुरा गर्न थाल्नु भएको छ। उहाँले एकल राष्ट्रिय राज्य नेपाललाई बहुलराष्ट्रिय राज्यमा रुपान्तरण गर्ने कठोर लक्ष्य तय गर्नुभएको छ। स्वदेशवाद, बहुलराष्ट्रवाद, सामुदायितक समाजवादको मार्ग निर्देशक सिद्धान्तमार्फत नेपाललाई बहुलराष्ट्रिय राज्य बनाउने क्रान्तिको लामो बाटो तय गर्नुभएका राजेन्द्र महतोले यो देशमा आफ्नै राज्य सत्ता निर्माण गर्ने खाका कोर्नमा लाग्नुभएको छ।

त्यसका लागि उहाँले 'केन्द्रीकरण सहितको

- हिमाल र पहाडको उकालो गोरेटो बाटो चढ्न पनि उहाँलाई गाह्रो छैन किनभने कहिले लौरोको सहयोगमा उकालो काट्नु हुन्छ भने कहिले आफ्ना सहयोगीका साथ उकालो चढ्नु हुन्छ

- राजेन्द्र महतोले हस्तक्षेपकारी विद्रोहमार्फत राज्यसत्ता स्थापना हेतु आन्दोलनका लागि आर्थिक संकलनमा विशेष जोड दिनुभएको छ। त्यसका लागि उहाँले विभिन्न १६ वटा कार्ययोजना तय गर्नुभएको छ

- बहुलराष्ट्र स्थापनाका लागि राष्ट्रिय मुक्ति क्रान्तिले दोस्रो चरणको कार्यक्रम सम्पन्न गरेको छ। दोस्रो चरणको कार्यक्रमका लागि १५ दिनसम्म तयारी थाल्ने निर्णय गरेको छ। त्यसका लागि उहाँले विभिन्न ४५ वटा समिति बनाउनु भएको छ

हस्तक्षेप गरौं' भन्ने कार्यनीति नारा नै तय गर्नुभएको छ। यस कार्यनीतिको अधिकतम समय आन्तरिक केन्द्रिकरणमा जोड दिनुको साथै केन्द्रीकृत हस्तक्षेप कार्यक्रम तय गर्नुभएको छ। केन्द्रीकरण सहितको हस्तक्षेपको कार्यनीतिले कार्यक्रमलाई रणनीतिक रुपमा आउँदो मंसिरपछि हुने तेस्रो चरणको कार्यक्रमलाई सहायक सिद्ध हुने गरी विकास गरिने छ। त्यही केन्द्रिकरणले राष्ट्रिय मुक्ति क्रान्तिलाई हाँक्ने एक क्रान्तिकारी संगठन वा पार्टीलाई जन्म दिने लक्ष्य उहाँले लिनुभएको छ।

'अभियानमा निरन्तरता, संघर्षमा जोड र विद्रोहको तयारी' भन्ने मुल रणनीतिमा कार्यक्रमहरु अगाडि बढी रहेको छ। असारदेखि कात्तिकसम्म धेरैभन्दा धेरै नेतृत्वहरुको आत्मगत तयारीका साथ केन्द्रिकृत हस्तक्षेपमार्फत विकल्पसहित विद्रोहको तयारीलाई अझ सशक्त बनाउने योजना राजेन्द्र महतोको रहेको छ। राजेन्द्र महतोले सुरुको चरणमा अभियान चलाउने, त्यसपछि विभिन्न संघर्षका कार्यक्रम तय गर्ने त्यसपछि अन्तिममा विद्रोहमा जाने योजना बनाउनु भएको छ। उहाँले आफ्नो कार्यनीतिमा उल्लेख गर्नुभएको छ, 'हाल कायम रहेको औपनिवेशिक सत्ताबाट सहमति फिर्ता लिनेछ र आफ्नो स्वदेशी सत्ताको अभ्यासतर्फ आकर्षित हुनेछ। पहिला र दोस्रो चरणको कार्यक्रमको दौराना कायम रहेको केन्द्रप्रतिको आर्थिक र भौतिक निर्भरतार्ला अन्त्य गर्दै कमाण्ड, ब्युरो, विशेष ब्युरो तथा विभिन्न भातृ संगठन तथा संस्थाहरुलाई आत्मनिर्भरता विकास गरिनेछ भने केन्द्रिय कोषलाई पनि विभिन्न कार्यक्रमहरुमार्फत अधिकत रुपमा बढाइनेछ।'

## आर्थिक संकलनमा जोड

राजेन्द्र महतोले हस्तक्षेपकारी विद्रोहमार्फत राज्यसत्ता स्थापना हेतु आन्दोलनका लागि आर्थिक संकलनमा विशेष जोड दिनुभएको छ। त्यसका लागि उहाँले विभिन्न १६ वटा कार्ययोजना तय गर्नुभएको छ। त्यसमा व्यापारी, साहु महाजन, ठेकेदार, उच्च पदश्त कर्मचारीहरूको अभिलेख राखेर चन्दा उठाउनेदेखि परियोजनाहरु आफ्नो पक्षमा पार्नेसम्मको योजना बनाउनु भएको छ। आन्दोलनका लागि स्वेच्छिक सहयोग गर्ने व्यक्ति वा संस्थाहरूको पहिचान गरि अभिलेख तयार पार्ने र गोप्य तरिकाले सहयोग संकलन गर्ने योजना राजेन्द्र महतोको रहेको छ। देशमा राष्ट्रिय मुक्ति क्रान्तिको आधार क्षेत्रमा रहेका व्यापारी, साहु महाजन, ठेकेदार, उच्च पदश्त कर्मचारीहरूको अभिलेख तयार पारी अति गोप्य तरिकाले सहयोग प्राप्त गर्ने कार्ययोजना उहाँले बनाउनु भएको छ। जग्गा जमिनको व्यवसाय गर्ने व्यवसायीहरुको अभिलेख तयारी गरी उनीहरुसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने योजना उहाँको छ।

आफ्नो आधार क्षेत्रहरूमा पहिल्यै रहेको परियोजनाहरूमा नियमित सहयोगका निमित्त अनुरोध गर्ने। नयाँ प्रस्तावित परियोजनाहरूको सम्बन्धमा भने संयुक्त लगानी प्रस्ताव गर्ने र आफ्नो पक्षधर व्यवासायीहरूलाई दिलाउने कार्ययोजनामा उहाँले उल्लेख गर्नुभएको छ। उहाँले तयार पार्नुभएको कार्ययोजनाको बुँदा नम्बर ८ मा भनिएको छ, 'परियोजना निर्माण सम्बन्धी ठेक्कापट्टाहरू हामी पक्षधर वा हाम्रो सदस्य ठेकेदारहरूलाई दिलाउने।' त्यति मात्रै होइन संभावित नयाँ परियोजनाहरूको सर्वेक्षण गरि सम्बन्धित राष्ट्रिय परिषदहरूकै प्रत्यक्ष संयोजनमा परियोजना प्रस्तावहरू तयार पारी आफ्नो पक्षधर व्यवसायीमार्फत निर्माण गरि व्यवसाय सञ्चालन गर्ने राजेन्द्र महतोको योजना रहेको छ।

अन्तर्राष्ट्रिय लगानी नीतिको अध्ययन गर्ने र लगानीकर्ताहरू तथा उनीहरूको स्थानीय एजेन्टसँग गोप्य सम्बन्ध विस्तार गर्ने कार्ययोजनामा उल्लेख गरिएको छ। सरकारी वा निजी तहबाट हुने एफडीआई सम्बन्धी छलफल, परामर्श तथा मोलमोलाईमा संस्थागत सहभागिता गराउने वातावरण बनाउने उल्लेख गर्दै राजेन्द्र महतोले विदेशमा रहेका सम्पर्क कमिटीहरूमार्फत एफडीआई भित्र्याउने योजना बनाएको छ। आर्थिक व्यूरो अन्तर्गत सहकारी विभागले माईक्रोक्रेडिटलाई व्यवस्थापन र प्रवर्द्धन गर्ने र हाल सञ्चालनमा रहेको सहकारीहरूलाई विभाग अन्तर गत ल्याउने र नयाँ सहकारीहरु स्थापना गर्ने कार्ययोजना उहाँले बनाउनु भएको छ।

सहकारीमार्फत ग्रामिण तथा शहरी क्षेत्रहरूमा 'एचटुएच' अवधारणा अन्तरर्गत साना तथा मझौला व्यवसायहरू स्थापना गर्नुको साथै आर्थिक व्यूरोले यङ ईण्डिजीनिष्ट लीग (वाईआइएल) र आत्मारक्षा बलसँग

बाँकी पृष्ठ ४ मा

## यस भित्र





एमाले-काँग्रेस गठबन्धन, नश्लीय राज्यको मूल चरित्र
● लेख, पृष्ठ ४



अरु दलले के गर्छन् थाह छैन तर लोसपा त्यतिबेला पनि बिद्रोह गर्छ
● अन्तरवार्ता, पृष्ठ ५




सविधान संशोधनमा संशय
● मध्यपृष्ठ, पृष्ठ ६



मनिषाले कसरी लुकाइन रक्सी पिउने कुरा
● पृष्ठ ९



पूर्व नगरप्रमुख मुनि साहको कृषिमा सक्रियता
● पृष्ठ १०

## अभिमत

# सम्पादकीय

## समानुपातिक खारेज होइन, व्यवस्थित गर

समावेशी समानुपातिका लागि त्यत्रो भिषण लडाइ भएको हो । समावेशी समानुपातिक प्रणाली ल्याउनका लागि सैयौं युवाले बलिदानी दिएका छन् । तब गएर यो थोरै भए पनि कार्यान्वयनमा आएको हो । समावेशी समानुपातिक अझै पूर्ण रूपमा कार्यान्वयमा आएको छैन । राज्यका विभिन्न निकायले यसमा बेइमानी गरिरहेका छन् । संविधानले नै समावेशी समानुपातिक प्रणालीको व्यवस्था गरेको छ । राज्यले नै कतिपय अवस्थामा संविधान विपरित कार्य गरिरहेका छन् । त्यसका लागि सीमान्तकृत समुदाय मधेशी, आदिवासी जनजाति, मुस्लिमलगायतले संघर्ष नै गरिरहेका छन् । संघर्ष चलिरहेकै अवस्थामा देशका दुई ठूला दल काँग्रेस र एमालेले संविधान संशोधन गरेर समानुपातिक निर्वाचन प्रणाली नै हटाउने सहमति गरेको कुरा बाहिर आएको छ ।

यद्यपी हालसम्म संविधान संशोधन के के विषयमा हुन्छन् त्यो कुरा खुलेको छैन तर सञ्चारमाध्यम तथा समाजिक सञ्जालमा आएको समाचार र सूचना अनुसार काँग्रेस-एमालेले प्रदेशसभा तथा प्रतिनिधि सभाबाट समानुपातिक प्रणाली हटाउनका लागि संविधान सशोधन गर्ने सहमति गरेका गरेको चर्चा छ । जुन कुराको खण्डन काँग्रेस-एमालबाट भएको छैन । काँग्रेस-एमाले गठबन्धनका अनुसार समानुपातिक निर्वाचन प्रणालीका कारण देशमा अस्थिरता आएको हो रे । राजनीतिक अस्थिरतादेखि लिएर अन्य समाजिक बिकृतिहरू पनि यिनै समानुपातिक निर्वाचन प्रणालीका कारणले आएको हो ।


समाचार अनुसार एमालेका अध्यक्ष केपी शर्मा ओलीले समानुपातिक निर्वाचन प्रणालीका कारण राजनीतिमा अस्थिरता आएको हो, लोकतन्त्रमाथि नै खतरा उत्पन्न भएको हा । चार जना सांसद लिएर सत्ता बार्गेनिङ गर्दै हिडेका हुन्छन् । श्रीमान-श्रीमती बिच झगडा गरेर राजनीतिक बार्गेनिङ गरेका हुन्छन् । समानुपातिकले यस्ता धेरै बिकृतिहरू देखा परेको उहाँले भन्दै आउनु भएको छ ।

यिनै कारणले समानुपातिक निर्वाचन प्रणाली नै खारेज गरिदिने वा राष्ट्रिय सभामा गाभिदिने गरी संविधान संशोधन गर्ने तयारी काँग्रेस-एमालेको रहेको छ । यदि समानुपातिक निर्वाचन प्रणाली समाप्त गर्ने कुनै प्रकारको खेल भयो भने देशमा फेरि द्वन्द सुरू हुन्छ । मधेशी, आदिवासी, जनजाति, थारू, मुस्लिमले आन्दोलन गर्नेछ । जुन आन्दोलनको जस्तोसुकै नतिजा आउन सक्छ । त्यही समानुपातिक निर्वाचन प्रणालीकै कारण सिमान्तकृत समुदायको पहुँच नीति निर्माण तहसम्म पुगेको हो । संसदमा मधेशी, दलित, महिला, मुस्लिम, जनजाती, खस आर्य पहुँच समानुपातिक निर्वाचन प्रणालीका कारण सम्भव भएको हो । विगतमा एउटै समुदायका व्यक्ति संसदमा हुन्थे, एउटै बोली, एउटै भेषका व्यक्ति हुन्थे जहाँ आमा जनताको कुरा उठ्दैन्थ्यो ।

त्यो संसदबाट शोषित पिडितको कुरा उठ्दैन्थ्यो । तर अहिलेको संसदबाट एउटा झुपडीमा बसेको दलितको कुरा पनि संसदमा उठेको हुन्छन् भने ग्रामिण क्षेत्रका एउटा मधेशको कुरा पनि उठेका हुन्छन् । हिमाली तथा विकट क्षेत्रका कुरा उठेका हुन्छन् जो बेलाबेलामा छलफलको विषय बन्ने गरेका छन् । ती पिछडिएको कुरा उठेपछि राज्यले त्यसलाई सम्बोधन गर्न बाध्य हुन्छ । सम्बोधन गरेपछि त्यो कार्यान्वयनमा आउँछ कि आउदैन त्यो बेग्लै कुरा हो तर संसदमा कुरा उठ्छ । चर्चाको विषय बन्छ । समानुपातिक निर्वाचन प्रणालीका कारण मधेशी, थारू, दलितहरू राज्यको नीति निर्माण तहसम्म पुगेका हुन् । कोही मन्त्री बनेका छन्, कोही विभिन्न पोष्टमा पुगेका छन् । र यी सब समानुपातिक निर्वाचन प्रणालीका कारणले मात्र सम्भव भएको हो । समानुपातिक निर्वाचन प्रणाली हटाएपछि पंचायती व्यवस्था घोषणा गरि दिए हुन्छ । जहाँ निमुखा, गरिब, पिछडिएका समुदायलाई बोल्ने अधिकार थिएन, त्यो पंचायती व्यवस्था थियो । अहिलेको यो व्यवस्थामा सबैले बोल्न पाएका छन् । सबैले अधिकार माग्न थालेका छन् । यो समानुपातिक व्यवस्थाका कारणले मात्र सम्भव भएको हो ।

के काँग्रेस-एमालेले निमुख, गरिब, पिछडिएको समुदायको आवाज बन्द गराउन खोजेका हुन् त ? यदि होइन भने समानुपातिक निर्वाचन प्रणाली खारेज नगरी यसलाई अझ परस्कृत र भरपर्दा बनाउनुपर्छ । समानुपातिक संसद चयन गर्दा दलहरूबाट केही गलत काम हुने गरेको कुरा सही हो । समानुपातिक सीट किनबेच हुने गरेको कुरा पनि सही हो । त्यसले बिकृति आएको पनि हुनसक्छ तर प्रणाली आफैमा गलत होइन । समानुपातिक निर्वाचन प्रणालीलाई ठिक ढंगले कार्यान्वयनमा ल्याउन सक्यो भने यो जस्तो उत्कृष्ट प्रणाली कुनै छैन । केही कमिकमजोरी छन् भने त्यसलाई संशोधन गरेर सच्याउन सकिन्छ । त्यसलाई मिलाउन सकिन्छ तर त्यसलाई समाप्त पार्ने काम कही कतैबाट हुनुहुँदैन । समावेशी समानुपातिक नै संघीय लोकतान्त्रिक गणतन्त्रको गहना हो । यसलाई अझै परफेक्ट बनाएर कार्यान्वयनमा ल्याउनु बाहेक अरू कुनै विकल्प छैन ।

## तथ्यांक आफै बोल्छ




# पाठक पत्र

saharatimes.com.np@gmail.com


संघर्ष, स्वाभिमान र स्वावलम्बन
सहारा टाइम्स
SAHARA TIMES NATIONAL FORTNIGHTLY
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np
● वर्ष १५, ● पूर्णाङ्क ३२७, ● अंक १९ ● २०८१ साल असार १६-३१ गते (30 June, 15 July , 2024) ● मूल्य रु. १०

चीनले नेपाल भ्रमणमै किन गर्छ यति सारो खर्च ?

### उपेन्द्र यादवलाई पक्कै झस्काएको होला

उपेन्द्र यादवको अन्तरवार्ता 'विचारा फुट्नेहरुलाई पनि थाह छैन कि किन फुटेको हुँ' भनि पढे । फुट्नेहरु धेरै सोची सम्झी फुट्नु भएका हो । तर उपेन्द्र यादवलाई थाह छैन कि आफ्नो पार्टी किन पटक पटक फुटेको हो । पार्टी पटक पटक फुटनु भनेको नेतृत्वको असक्षमता हो । हरेक पटक पार्टी विभाजन हुँदा विभाजन गर्ने नै दोषी हुँदैन । एक दुई जना नेता गलत होलान् तर फुटेर जाने सबै नेताहरु गलत होइन । गलत त पार्टीको नेतृत्व गर्ने व्यक्ति हुन्छ । विजयकुमार गच्छदारदेखि अशोक राइसम्म पार्टी विभाजन हुँदा उपेन्द्र यादवले पटक पटक यही कुरा दोहोर्‍याउनु भएको छ कि उनीहरु लोभीपापी हुन् अरुको इसारामा पार्टी फोडेका हुन्, सत्ताको लोभमा पार्टी फोडेका हुन् ।' तर आफ्नो बारेमा उहाँले कहिले समिक्षा गर्नुभएन । आफ्नो बारेमा उहाँले कहिले 'रिथिकिङ' गर्नुभएन । जहिले अरुलाई दोष देखाएर पन्छिने गर्नुभएको छ । पटक पटक पार्टी विभाजन हुँदा उहाँले पार्टीमा समिक्षा गरको भए, रिथिङ्किङ गरेको भए आज यो पार्टीको अवस्था यस्तो हुने थिएन । भर्खर आएका सिके राउतहरुले टिप्पणी गर्ने मौका पाउने थिएन । ८४ बाट ५ मा झरेको टिप्पणी सिके राउतले गर्दा पक्कै पनि उपेन्द्र यादवलाई यो कुराले झस्काएको होला ।

*मोहमद रहमान, बारा, जितपुर*

### बिहारी राजनीतिमा सिके राउत

सिके राउतले जातीवादको राजनीति गरिरहेको कुरा यसबाट पुष्टि हुन्छ । उहाँले उपेन्द्र यादवमाथि यादवको आरोप लगाएर आफूलाई गैर यादवको नेता स्थापित गर्न चाहनु भएको छ । जसरी भारतको विहारमा लालु यादवको विरुद्धमा नीतिश कुमारले राजनीति गरे त्यसैगरि मधेशमा सिके राउतले राजनीति सुरु गर्नुभएको छ । उहाँले आफ्नो पार्टीमा यादवहरुलाई जसरी स्पेश दिइरहनु भएको छ त्यसले स्पष्ट छ कि उहाँको राजनीति गैर यादवहरुका लागि हो । पछिल्लो समय उहाँले सतिश सिंहलाई मुख्यमन्त्री बनाउनु भएको छ । उहाँ अमेरिका जानुभन्दा पहिले यो निर्णय गरेर जानु भयो । जब कि यो निर्णय पार्टीको कुन तहमा कस्तो बैठकमा भयो त्यसको बारेमा सिक राउत र उहाँका वरिपरी रहेका केही नेताबाहेक अरु कसैलाई थाह छैन । जब कि उहाँले महेश यादवलाई मुख्यमन्त्री बनाउने भनि पार्टीमा चर्चा गुर्नभएको छ । यो कुरा महेशलाई पनि थाह थियो । पार्टीले आफूलाई मधेश प्रदेश सरकारको मुख्यमन्त्रीको रुपमा अघि सारेको कुरा उहाँले मिडियामा पनि भन्नुभएको थियो । तर यादव समुदायबाट मुख्यमन्त्री बनाउँदा पार्टीलाई फाइदा नहुने हिसाब निकालेपछि उहाँ रातारात सतिश सिंहलाई अगाडि सारेर अमेरिका जानुभएको थियो । हुन त यादवको चेहरा देखाउनका लागि पार्टीमा केही नेताहरुलाई राख्नु भएको छ । तर त्यो देखाउनका लागि मात्र हो भनि प्रष्ट हुन्छ । महेश यादव, संजय यादवसँग सिके राउतले गरेको व्यवहारलाई बुझ्न सकिन्छ ।

*मनोहर विश्वस, सप्तरी, राजविराज*

### भारत-चीन नेपालको असल छिमेकी

भारतबाट कहिले पशुपति दर्शन त कहिले मुक्तिनाथ दर्शन गर्ने बहानामा दिनका दिन नेताहरु आइरहेका हुन्छन् नेपाल । नेपालबाट पनि विभिन्न बहानामा नेपालीहरु भारतकै गएकै हुन्छन् । खुल्ला बोर्डरका कारण कति गए, कति आए भनि यकिन तथ्यांक नभएको कारण यसको त्यति सारो चर्चा हुँदैन तर चीनभन्दा कैयौं गुणा भारतीयहरु नेपालमा आएका हुन्छन् । त्यही भारतीयहरु आउँदा संस्कृतिक सम्बन्धको कुरा हुन्छ । बेटीरोटीको कुरा हुन्छ तर चिनियाँहरु आउँदा किन आए भनि प्रश्न उठ्छ किन ? यो छिमेकी देशप्रतिको भेदभावपूर्ण व्यवहार हो । भारतीय जस्तो चाइनिजहरु पनि नेपालसँग आफ्नो सम्बन्ध बनाउन चाहेका छन् । यहाँका जनतासँग सम्बन्ध बनाउन चाहेका छन् । त

यही भएर पछिल्लो समय चाइनिजहरुको यो गतिमा भ्रमण भइरहेका छन् । यसमा शंका उपशंका गर्नुको कुनै कारण नै छैन । भारते गर्दा ठिक, चीनले गर्दा बेठिक किन ? नेपालको लागि भारत र चीन दुवै छिमेकी बराबर हुन् । दुवै देशले नेपालको हितमा सोचेका छन् भने ठिक हो । चिनियाँ नेपाल आइरहेका छन् त्यसले फाइदा नै भइरहेका हुन्छन् । त्यसले थोरै भए पनि नेपालको आर्थिक वृद्धिमा सहयोग पुग्छ ।

*सहदेव थारु, काठमाडौं, समाखुशी*

# फेसबुक



**जीवछ उदासी**

म वाम एकताको पक्षमा सामाजिक सञ्जालबाट अभियान चलाउँदै आइरहेको छु । वाम एकता सफल असफलको यस शृङ्खलामा यस पटक एमाले अध्यक्ष केपी ओलीको कारण नै धरापमा पर्न गएको छ । तथापि म वाम एकता फेरि कुनै न कुनै मोडमा गएर हुनेमा म आशावादी नै छु । सबै बाम शक्ति एक ठाउँमा नआउञ्जेल समाजवाद स्थापना सम्भव छैन् । ओली कमरेडले नेपाली काँगग्रेसँगको गठबन्धनमा देश र जनताको पक्षमा काम गर्न चाहदा अवरोध आएपछि फेरि उहाँ ठीक ठाउँमा आउनु हुनेछ । प्रचण्ड कमरेडले असार २८ गते सदनमा राख्नु भएको अभिव्यक्तिमा सत्यता झल्किएकै हो । शुद्ध कम्युनिष्टहरुले सत्य स्थापित गर्नुलाई नै मूल धर्म मान्नुपर्छ । जालझेल र षडयन्त्र गरेर सता त प्राप्ति गर्न सकिएला तर जनभावना अनुसारको काम गर्न नसक्ने निश्चित नै छ । २०५१ सालमा नौ महिना कमरेड मनमोहन अधिकारीले जनपक्षीय काम गर्ने कम्युनिष्ट सरकारलाई काग्रेसले कसरी ढालेको थियो ? प्रम अधिकारीको राजीनमा अस्पतालको शैयाबाट लिएको विर्सनु भयो भने त केहि भन्नु छैन् ।

नेपाली काँग्रेस र नेकपा एमाले दुई ठूला पार्टी को गठबन्धन लोकतन्त्रको लागि उपयुक्त भएन । कि त काग्रेसले आफूसँग विचार मिल्ने दलहरुसँग सरकार बनाउनु पर्दथ्यो कि त कम्युनिष्टहरु मिलेर सरकार चलाइरहेकै थियो । दुई तिहाई कम्युनिष्ट सरकारको नेतृत्व गर्दा संसद विघटन गर्नु भएको र अहिले प्रचण्ड नेतृत्वको प्रगतीशील बामपन्थी सरकार ढालेको यी दुई घट्ना कम्युनिष्ट आन्दोलनको दुर्घटना नै मान्नुपर्छ । यी दुई दुर्घटना गराउने जिम्मेबार नेता केपी कमरेड नै रहेकोले उहाँ काँग्रेससँग मिलेर कति सवल र सफल हुनेहो भविष्यले नै देखाउनेछ ।

नेपाली काँग्रेस र नेकपा एमाले मिलेर सरकार बनाउन एक ठाउँमा आएको छ । एमालेले प्रचण्ड नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएपछि अर्को सरकार गठनको लागि संविधानको धारा ७६ को उपधारा २ अनुसार अर्को सरकारको गठनको लागि मार्ग प्रशस्त भएको छ । एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त हुनुभयो सपथ पनि लिनुभयो । मधेश प्रदेशबाट मन्त्रीको बन्ने भन्ने नाम सार्वजानिक भएको छैन् । मन्त्री बन्ने सुचीमा लिलानाथ श्रेष्ठ जुली महासेठ गङ्गा प्रसाद यादव र अचुत्य मैनालीको नाम चर्चामा रहेको छ । चर्चा हुनु म मन्त्री बन्छु भने दाबी गर्नु माननीयहरुको लागि स्वभाविक माग भएपनि मधेश प्रदेशबाट कृषि मन्त्री गङ्गा प्रसाद यादव सभभन्दा उपयुक्त अनुहार हुनुहुन्छ । उहाँ किसान परिवारमा जन्मेर राजनीतिमा लाग्नु भएको छ ।

मालेकालिन नेता यादव समकालिन नेताहरुमा अनुभव संघर्ष र कार्यदक्षताको हिसावले उहाँ उपयुक्त हुनुहुन्छ । तर उहाँमा हदभन्दा बढी चाकरी गर्ने स्वभाव नभएकोले मलाई मन्त्री बनाउनैपर्छ भने अडि कस्नु हुन्न तर आम किसान मजदूर वर्गको प्यारो नेता र संघर्षको लामो इतिहास रहेकोले मधेसको धर्तीबाट एक किसान परिवारका संघर्षशील नेतालाई मन्त्री मण्डलमा समावेस गर्ने हो भने गङ्गा प्रसाद यादव छुटनु हुँदैन् । एमाले पार्टी मजदूर किसान वर्गको स्थान मन्त्री मण्डलमा राख्ने सोच बनाएको हो भने गङ्गा प्रसाद यादव यसपटक छुट्ने सवाल नै उठ्दैन् । २०४६ सालदेखि हालसम्म ३३ वर्षदेखि खुल्ला कम्युनिष्ट आन्दोलनको चेहरा रहनु भएको यादवको लागि मन्त्री मण्डलमा समावेस गरिने यो अवसरलाई गुम्न दिनु हुँदैन । स्वर्गीय धर्मनाथ यादवलाई प्रदेश प्रमुख बनाएर न्याय गरेको एमाले यसपटक गङ्गा प्रसाद यादवलाई कृषि मन्त्री बनाएर न्याय गरोस् ।

# पश्चिम बंगालको कुरा सुनाएर गलाए प्रचण्डलाई

२०८० फागुनको अन्तिमतिर कांग्रेसलाई छाडेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमालेसँग गठबन्धन गरेका थिए । तर त्यो गठबन्धन चार महिना पनि टिकेन । असार १७ गते मध्यराती एमाले-माओवादी गठबन्धन भत्केर एमाले-कांग्रेस गठबन्धन बन्यो । कांग्रेसका साभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीले गठबन्धन बनाइ सक्नुभएको थियो । तर तत्कालिन प्रधानमन्त्री प्रचण्डसँग बालुवाटार भेट्न गएका एमालेका अध्यक्ष ओलीले कुनै पनि सहमति भएको छैन, सञ्चारमाध्यममा आएका सबै गलत समाचार हुन् भनि विश्वस्त बनाउनु भएको थियो ।

यहाँसम्म कि एमालेका अध्यक्ष केपी शर्मा ओलीले बालुवाटारबाट नै पार्टीका महासचिव शंकर पोखरेललाई फोन गरेर अहिले गठबन्धनका बारेमा आएका भ्रामक समाचारहरुको बारेमा विज्ञप्ति निकालेर खण्डन गर्न निर्देशन दिनुभएको थियो । सभापति देउवा र अध्यक्ष ओली बिच सहमतिपत्रमा हस्ताक्षर भएको तस्विर सञ्चारमाध्यममा पनि आइसकेका थियो । आफ्नो मोबाइलबाट तत्कालिन प्रधानमन्त्री प्रचण्डले त्यो तस्विर देखाउँदै भन्नुभएको थियो, 'तपाईहरु त यस्तो सहमति गरिसक्नु भएको छ तस्विर नै आइसकेको छ ।' त्यसपछि एमालेका अध्यक्ष ओलीले यो पुरानो तस्विर हो, पत्रकारहरुले यस्तै पुराना तस्विरहरु राखेर समाचारहरु बनाउने गरेका छन् तपाई उतातिर नजानुस् गठबन्धनलाई बलियो कसरी बनाउने, २०८४ मा सँगै चुनाव कसरी लड्ने, कम्युनिष्ट पार्टीलाई कसरी बलियो बनाउने त्यो कुरामा सल्लाह गरौं भनि जवाफ दिनुभएको थियो ।

यतिसम्म कि एमालेका अध्यक्ष ओलीले भन्नुभएको थियो, 'हामी कम्युनिष्टहरु मिलेनौं भने भारतको पश्चिम बंगालमा कम्युनिष्टको जुन हालत भएको छ त्यस्तै हालत हुन्छ । त्यसैले हामी मिल्नुपर्छ मात्र होइन, एकीकरण गरेर कम्युनिष्ट पार्टीको ठूलो शक्ति बनाउनुपर्छ ।' स्वर्ग जाँदा सँगै जाने, नर्क जाँदा सँगै जाने अब एमाले-माओवादी छुट्टिने कुरा हुँदैन, बरु तपाईकै नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउने, बरु यस विषयमा देउवासँग तपाई र म मिलेर कुरा गरौं भन्दै ओलीले वामशक्तिलाई नै बलियो बनाएर जाने निष्कर्ष निकाल्दै बालुवाटारबाट निस्किनु भएको थियो ।

ओलीको कुरा सुनेर तत्कालिन प्रधानमन्त्री प्रचण्ड मख्ख पर्नुभएको थियो । उहाँले यो कुरा असार २८ गते विश्वासको मत लिँदा पनि भन्नुभएको थियो । पार्टीका नेता, सञ्चाकर्मीलगायतका व्यक्तिहरुले प्रचण्डलाई लगातार गठबन्धन भत्कियो, कांग्रेस र एमाले बिच नयाँ गठबन्धन बन्यो भन्दा पनि प्रचण्डले पत्याउनु भएको थिएन । क्याबिनेटमा पनि सबै मन्त्रीले नयाँ गठबन्धनका लागि सहमतिपत्रमा हस्ताक्षर भइसकेको छ भन्दा पनि प्रचण्डले पत्याउनु भएको थिएन । उहाँले मन्त्रीहरुलाई भन्नुभएको थियो, 'मसँग चार घण्टा लामो कुराकानी गरेर ओलीजी फर्किनु भएको छ, यो गठबन्धन भत्किदैन सरकारलाई पनि केही हुँदैन तपाईहरु ढुक्क भएर काम गर्नुस् ।'

बाँकी पृष्ठ १२ मा

# प्रचण्ड एक्लिएकोमा उपेन्द्र यसै दङ

जनता समाजवादी पार्टी नेपालबाट अलग भएर बनेको अशोक नेतृत्वको जनता समाजवादी पार्टी दुई वटा मन्त्रालय लिएर सरकारमा सहभागी भयो । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल पनि एउटा मन्त्रालय लिएर सरकारमा सहभागी भयो । जनमत पार्टीलाई मधेश प्रदेश नै ठिक छ । संघीय सरकारमा सहभागी हुनका लागि जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले त्यति प्रयास पनि गर्नुभएन । उहाँका लागि संघीय सरकारभन्दा मधेश प्रदेशको सरकार नै उपलब्धी मुलक रहेको बुझाई रहेको छ जुन बुझाई जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको रहेको छ ।

तर जसपा नेपाल न अहिले संघीय सरकारमा छ न प्रदेश सरकारमा । सरकारमा जाने प्रयास नगरेको होइन । उहाँले मधेश प्रदेशको सरकारका लागि प्रयास पनि गर्नुभयो र यता संघीय सरकारमा जसपा नेपाललाई सहभागी गराउनका लागि पनि दौडधुप गर्नुभयो । तर हात केही नलागेपछि उहाँले प्रचण्ड एक्लिएकोमा चित्त बुझाउनु भएको छ । आफ्नो पार्टी विभाजन गराउनमा माओवादीका अध्यक्ष प्रचण्डले नै भूमिका खेलेको कुरा उहाँ स्वयंले खुलम खुल्ला बोल्नुभएको थियो । अहिले आएर माओवादीका अध्यक्ष प्रचण्ड सरकारबाट अलग हुनुभयो र पुरै एक्लो भएकोमा सबभन्दा खुशी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव हुनुभएको छ ।

अहिलेको वर्तमान गठबन्धनको सरकारमा सहभागी हुनका लागि कांग्रेसका सभापति शेरबहादुर देउवामार्फत कुरा राख्नुभएको थियो । तर एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले देउवालाई भन्नुभयो, 'यसपालीको मेरो नेतृत्वको क्याबिनेटमा उपेन्द्रजीलाई नपठाउनु तपाईको नेतृत्वमा सरकार बनेपछि उहाँलाई लिनु होला ।' उपेन्द्र यादव विश्वासिलो व्यक्ति होइन, कतिबेला उहाँले के गर्नुहुन्छ कसैलाई थाह हुँदैन त्यसैले यसपटकको क्याबिनेटमा उहाँलाई नराख्ने अडान ओलीले लिनुभएको थियो । त्यसपछि उपेन्द्र यादव सरकारमा जानबाट बन्चित हुनुभएको हो ।

तर उहाँले आफ्नो नेता तथा कार्यकर्ताहरुलाई भन्न थाल्नु भएको छ, 'सरकारमा सहभागी हुने कुरा नै थिएन, बाहिरबाट समर्थन गर्ने कुरा मात्र थियो, अहिले हामी सरकारमा जाँदैनौं बाहिरबाट समर्थन रहन्छ देउवा नेतृत्वमा बन्ने सरकारमा सहभागी हुन्छौं ।' जसपा नेपालका एक जना कार्यकारिणी सदस्यले भन्नुभयो, 'हामीले तीनटा कारणले यो सरकारलाई समर्थन गरेका हौं, पहिलो कारण यो सरकार लामो समयसम्म चल्छ, दोस्रो कारण, संविधान संशोधनको बाटो खुल्ने भएको छ र तेस्रो कारण माओवादीका अध्यक्ष प्रचण्ड एक्लिनु भएको छ । यी तीनटा कारणले मात्र जसपा नेपाल सरकारलाई समर्थन गरेको हो ।'

पार्टी विभाजनमा सबभन्दा महत्वपूर्ण भूमिका एमालेका अध्यक्ष एवं प्रधानमन्त्री ओलीले खेल्नुभएको थियो । जुन कुरा उपेन्द्र यादव स्विकार गर्ने पक्षमा हुनुहुन्न । प्रधानमन्त्री ओलीले तत्कालिन प्रधानमन्त्री प्रचण्डको काँधमा बन्दुक राखेर चलाउनुभयो । र प्रचण्डले पनि सबै अपजस आफ्नो काँधमा लिनुभयो । प्रधानमन्त्री ओलीले त्यतिबेला जसपा नेपालबाट अशोक राइलगायतका टीमलाई अलग गरेर साम, दाम, दण्ड, भेद सबै प्रयोग गर्नुभएको थियो । त्यो कुराको पुष्टि अहिले अशोक राइ नेतृत्वको जसपाले सरकारमा पाएको भूमिका हो । जसपालाई एमालेले सरकारमा सहभागी गराएको हो । एमालेका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री ओलीले उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई बाहिर राखेर अशोक राइ नेतृत्वको जसपालाई सरकारमा लिनुले धेरै कुराको संकेत गर्दछ । जसरी प्रधानमन्त्री ओलीले जसपालाई आफ्नो जिम्मेवारीमा सरकारमा सहभागी गराउनु भयो त्यसरी नै कांग्रेसका सभापति शेरबहादुर देउवाले महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक पार्टीलाई सरकारमा सहभागी गराउनु भएको हो ।

# महाधिवेशनको मुखमा मन्त्री लिएर लोसपामा तुतु मैमै

लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट सो पार्टीका वरिष्ठ नेता शरतसिंह भण्डारी पुनः मन्त्री बन्नुभएको छ । यसपटक पनि उहाँले श्रम मन्त्रालय नै हात पार्नुभएको छ । उहाँ हालसम्म मन्त्री बनेको संख्या २०औं पटक हो । तर यसपटक मन्त्री बनेकोमा उहाँको पार्टीका लागि फलदायी भएन । भण्डारी मन्त्री भएपछि पार्टीमा चिर्न पर्ने अवस्था देखिएको छ ।

सो पार्टीका सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्लाले असन्तुष्टि जनाउँदै पार्टी नै विभाजन गर्ने तहसम्म पुग्नु भएको छ । त्यसका लागि उहाँ आन्तरिक रुपमा छलफल गरिरहनु भएको छ । शरतसिंह भण्डारी पटक पटक मन्त्री बन्नुहुन्छ तर पार्टीमा रहेका अरु सांसदले अवसर नै पाउँदैन गुनासो गरिरहनु भएको छ । अघिल्लो पटक पनि आफू मन्त्री बन्ने अवस्थामा रहेको तर पार्टीका अध्यक्ष ठाकुरले यसपटक भण्डारीलाई पठाई दिउ अर्को सरकारमा तपाई जानु होला भन्नुभएको बताउँदै सहअध्यक्ष शुक्लाले यसपटक पनि त्यसै गरेको गुनासो गर्नुभयो ।

उहाँले भन्नुभयो, 'मन्त्री चयनका विषयमा पार्टीले बैठक बोलाएको थियो सो बैठकमा भण्डारीजी उपस्थित हुनुहुन्थेन उहाँ आउनु हुन्छ भनि हामी बाटो पर्खेर पनि बस्यौ तर उहाँ आउनु भएन उहाँ नआए पनि निर्णय उहाँको पक्षमा भयो जुन कुराको जानकारी मलाई पनि गराउनु भएन 'म्याच फिक्सिङ' जस्तै भयो जुन कुराले मलाई दुख लागेको छ ।' अध्यक्ष ठाकुरले न्यायचोति निर्णय गर्न नसकेको उहाँको गुनासो थियो ।

शुक्ला निकट एक नेताले भन्नुभयो, 'मन्त्री बन्नु कुनै ठूलो कुरा होइन तर मुख्य कुरा के हो भने भण्डारीजीले लोसपा नेपाल नै कब्जा गर्न लाग्नु भएको हो । बैशाखमा महाधिवेशन गर्ने निर्णय भएको छ त्यस अवस्थामा पुनः भण्डारीलाई नै मन्त्रीमा दोहोर्याउनुको रणनीति प्रष्ट बुझ्न सकिन्छ ।' राजपा बन्दा जुन जुन दल आएका थिए ती दलका नेताहरु गइसक्नुभयो तर भण्डारी एक जना मात्र बाँकी हुनुहुन्छ र महन्थजीको साथमा रहेर त्यसको फाइदा लिइरहनु भएको ती नेताको गुनासो रहेको छ । ती नेताले भन्नुभयो, 'यो अरु केही होइन, पार्टी कब्जा गर्ने रणनीति हो ।'

शुक्ला निकट महासचिव मुकेश झाले भन्नुभयो, 'पार्टीमा एउटै व्यक्तिले पटक पटक अवसर पाउछ भने अरु मान्छे त्यहाँ किन बसिरहनु त, अरु मान्छेको त्यहाँ कामै छैन । त्यही भएर त्यहाँबाट निस्किने तयारीमा लागेको छु ।' तर भण्डारी निकट एक नेतका अनुसार सहअध्यक्ष शुक्ला पार्टीभित्र गुटबन्दी गर्नुभएको छ । शुक्लाले आफूलाई एउटा जिल्ला मात्र होइन एउटा क्षेत्रमा सिमित गर्नुभएको छ । तर मधेश प्रदेशमा एक अर्कालाई जहिले पनि लडाई रहनु हुन्छ उहाँले । आफ्ना फेवरका केही नेताहरुलाई उहाँले पदाधिकारीमा राख्नुएको छ । र त्यही पदाधिकारीबाट उहाँले हल्ला गराई रहनु हुन्छ । ती नेताले भन्नुभयो, 'लोसपा मधेश प्रदेशले चलेको छ र त्यसमा सबभन्दा बढी लगानी महोत्तरीको छ ८० प्रतिशत मत सोही जिल्लाबाट आउँछन अनि मधेश प्रदेशबाट मन्त्री नबनाएर कसलाई बनाउने हो त ।'

लोसपा मर्चवारले चल्दैन, लोसपा मधेश प्रदेश र खासमा महोत्तरीले चलेको छ । त्यसले मन्त्री वितरण गर्दा मधेशलाई प्राथमिकतामा राख्नुपर्ने उहाँले तर्क दिनुभयो । सर्वेन्द्र शुक्लालाई मन्त्री बनाई दियो भने पार्टी टिक्न सक्दैन ।

## फरकमत

# मधेशको शिक्षा बिग्रिनुमा बौद्धिक वर्ग पनि दोषी



बिक्की यादव

नेपालमा २०७२ असोज ३ गते नयाँ संविधान जारी भएको थियो । जुन दिन यो संविधान जारी भयो । त्यो दिन मधेश जलिरहेको थियो । मधेशका युवा सडकमा थिए । काठमाडौंको संसद भवनमा भव्य तरिकाले संविधान जारी गर्ने तयारी चलिरहेको थियो भने उता मधेशमा युवाले संविधानको विरुद्धमा आफ्नो ज्यान दिन तयारी गरिरहेका थिए । तत्कालिन राष्ट्रपति डा.रामवरण यादवले नयाँ संविधान घोषणा गरिरहेको बेलासम्म चार जना युवाले आफ्नो ज्यान दिइसकेका थिए ।

संविधान जारी भएपछि काठमाडौंमा दीपवली मनाइरहेको थियो भने मधेशका कालो न कालो अन्ध्यारो थियो । मधेशमा मातम (शोक) छाएको थियो । मधेश स्तब्ध थियो । सुशिल कोइराला, केपी शर्मा ओली, प्रचण्ड खुशीले नाची रहनु भएको थियो, उत्सव मनाइ रहनु भएको थियो । त्यही बेला मधेशका आमा-बुवाले आफ्नो छोराको चित्तामा आगो लगाई रहनु भएको थियो । हो, यसरी जारी भएको थियो नेपालमो संविधान । तैपनि मधेशी जनताले त्यो संविधानलाई स्विकार गरे किन ? संविधानमा देखिएका त्रुटी सच्याउने छन् भनि आशमा त्यसलाई स्विकार गरे ।

तर संविधान संशोधनको नाममा सधै जलझेल गरेर नौ वर्ष बित्यो । अहिले पनि सुन्दैछु नयाँ गठबन्धन बनाएको कांग्रेस-एमालेले संविधान संशोधन गर्ने रे । तर कस्तो संशोधन गर्ने, के विषयमा गर्ने, कहिले गर्ने कुनै कुरा बाहिर आएका छैनन् जसले मधेशी जनतालाई झन सशंकित बनाइ दिएको छ । मधेश भनेको आठ जिल्ला मात्र होइन, राजनीति रुपमा २२ जिल्ला हो । यहाँका तथाकथित ठूला भनाउँदा दलहरुले जबर्जस्ती बहुमतको बलमा आठ जिल्ला घोषणा गरे जसलाई राजनीतिक रुपमा मधेशले स्विकार गरेको छैन ।

मधेशको यस्तो अवस्था हुनुमा मधेशका हाइलेवलका इन्टेलेक्चुअलहरु पनि दोषी हुनुहुन्छ । उहाँहरु मधेशको बारेमा कहिले बोल्नु भएन । मधेशमा यो भएन त्यो भएन, मधेशी नेताले यस्तो गरे, मधेशी नेताले त्यस्तो गरे भनि टिप्पणी गर्नुहुन्छ तर मधेश किन बिग्रेको हो, मधेशलाई बिगार्ने को हुन् भनि उहाँहरुले कहिले लेख्नु भएन, कहिले बोल्नु भएन ।

मधेशमा यस्ता यस्ता इन्टेलेक्चुअलहरु छन् जो दुई चार वटा लेखहरु लेख्नुभयो भने देशका शासकहरु थर्र काप्छन् तर मधेशकै इन्टेलेक्चुअलबाट मधेशको बारेमा नकारात्मक टिप्पणीहरु भइरहेका हुन्छन् । मित्र राष्ट्र भारतको कुरा गरौं, त्यहाँका जेएनयूले पोलिसी बनाउँछ र राजनीति गर्ने दलहरुले त्यसलाई कार्यान्वयनमा ल्याउँछन् र साउथ एसियामै शासन गर्छन् । हाम्रो त्रिभुवन विश्व विद्यालयका इन्टेलेक्चुअल अथवा प्रोफेसरले के गर्नुहुन्छ ? दलका नेताहरु जे जे भन्छन् त्यही गर्नुहुन्छ । अधिकाँश इन्टेलेक्चुअलहरु पनि नेताका झोले हुनुभएको छ ।

जनआन्दोलन, मधेश आन्दोलनमा ती बौद्धिक व्यक्तित्व तथा प्रोफेसरको योगदान छैन भने होइन । आन्दोलन सफल बनाउनमा उहाँहरुको पनि ठूलो योगदान छ । आन्दोलनका कारण अन्तरिम संविधान आयो त्यो धेरै ठूलो उपलब्धी थियो त्यतिबेलाका लागि । त्यसमा सबैको योगदान थियो । तर जब संविधान सभाबाट संविधान निर्माण गर्ने काम भयो त्यसपछि ती सबै उपलब्धीलाई शासकले बागमतीमा बगाइ दियो । त्यतिबेला ती प्रध्यापक तथा बौद्धिक वर्ग मौन बस्नुभयो । मधेशी युवा गोली खाइ रहदा प्रध्यापक तथा बौद्धिक वर्ग मौन हुनुहुन्यो ।

प्रोफेसर तथा इन्टेलेक्चुअल व्यक्तिलाई हामी सडकमा आउन भनेका होइनौं, गोली खान भनेका होइनौं तर उहाँसँग भएको क्षमता र बौद्धिकताले राज्यमाथि दवाव त बढाउन सकिन्छ नि । मधेशको बारेमा एउटा रिसर्च गरेर राज्यको आँखा खोल्न सक्छ नि । तर उहाँहरुले उल्टै मधेशलाई गाली गर्नुभयो । मधेशकै कारण मधेशको शिक्षा बर्बाद भयो, मधेशी नेताकै कारण शिक्षाको गुणस्तर चौपट भयो रे, मधेशीका कारण मधेशका विद्यार्थी कमजोर भए रे, संघीयता आएकै छ मधेश किन बनेन, स्थानीय

बाँकी पृष्ठ १२ मा

लेख



■ सन्तोष मेहता

# एमाले–काँग्रेस गठबन्धन, नश्लीय राज्यको मूल चरित्र

अहिले संसदमा रहेको दलमध्ये कोही प्रतिपक्षमा रहन खोजेका छैनन् । सबै सत्ता पक्ष अर्थात सरकारमै जान खोजेका छन् । प्रतिपक्षमा रहेकाहरू कसरी सरकारमा जाने र सरकारमा रहेकाहरु कसरी सरकार जोगाउने कार्यमा मात्रै व्यस्त देखिन्छन् । अर्थात कुन दलको कतिखेर कोसँग गठबन्धन बन्ने ठेगान रहेन । यहा सिद्धान्त, दर्शन सबै अहिले हराएका छन् । सबै उस्तै भएका छन्, सबै एउटै ड्याङका मुला भएका छन् । लोकतान्त्रिक र वामपन्थी भनेर अलग अलग छुट्ट्याउने चलन थियो तर अब त्यसो पनि रहेन । यस प्रक्रियाको सम्बन्ध केवल सरकार निर्माण वा गठबन्धन बन्यो फेरियो सँग मात्र रहेन वा छैन ।

वर्तमान संसदीय व्यवस्थामा रुप पक्ष हेर्दा नेकपा (एमाले) र नेपाली काँग्रेस एक “सत्तापक्ष“ र अर्को “प्रतिपक्ष“ हुनु पर्ने हो वा देखिंदै आएको पनि हो, किनकी यी दुई मुख्य प्रतिस्पर्धी दलहरु हुन् र संसदीय व्यवस्थामा यी दुई दलहरु मिलेर सरकार बनाउनु संसदीय राजनीतिमा असम्भव नै न भएता पनि असुहाउँदो नै मानिएको हो । तर सार पक्षमा यी दुवै दलमा कुनै भिन्नता छैन । त्यसैले यी दुई दल मिलनमा “अन्देखा सत्य“ लुकेको छ ।

पहिले पहिले सरकारका विषयमा प्रश्न उठाउन नजायज मानिन्थ्यो । त्यो निरकुंश समय थियो । लोकतन्त्र थिएन । त्यसैले प्रश्न उठाउनेहरूले आफ्नो ज्यानको आहुतिसम्म दिनु परिरहेको थियो । त्यति मात्र होइन, सरकारका दरबारसम्म पुग्नसमेत गाह्रो थियो । तर अहिले हामीसँग लोकतन्त्र छ । अनेक संघर्षबाट प्राप्त लोकतन्त्र । लोकतन्त्रमा आलोचना र प्रश्नहरूलाई जनताको अधिकारको रूपमा व्यख्या गरिन्छ । प्रतिनिधि छनोट गर्न पाउनु, अभिव्यक्तिको स्वतन्त्रता मात्रै लोकतन्त्र होइन । अभिव्यक्ति जायज ढंगले उठ्नु र त्यसको हल खोज्नु पनि लोकतन्त्रले दिएको अधिकार हो ।

आखिर पटक पटक हुने राजनीतिक परिवर्तनले पनि मधेसी, थारु, तामाङ, मगर, गुरुङ, लिम्बु, राइ लगायत जनजातिहरूले स्वशासन (स्वराज) को अनुभुती गर्न किन पाएन ? दलित, मुस्लिम, पिछडावर्ग मुलधारमा किन आउन सकेन ? किसान, मजदुर, विपन्न, महिलाको अवस्था किन फेर्न सकेन ? नेपाल किन धनी, विकसित र समृद्ध बनेन ? सानो भूगोल, अपार स्रोतसाधन, सांस्कृतिक विविधता र परिश्रमी मान्छे भएर पनि जनतालाई किन सुख छैन ? जति परिश्रम गर्दा पनि किन धनी हुदैन ? र कोही किन केही वर्षमा अकुत सम्पत्ति कमाउँछ ? प्रश्नहरू अनेक छन् ।

राणा शासन कालमा यी सबै समस्याको जड राणा हुन् भनिन्थ्यो । त्यसलाई फ्याल्नुपर्छ । जनता आन्दोलनमा उत्रिए । अनेक त्याग, तपस्या र बलिदानपछि राणा शासन फालियो । तर प्रश्नहरू यथावत् नै रहे । गरिबी, कुशासन, अविकास, भ्रष्टाचार । यही मौकामा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागु गरे । त्यसपछि ३० वर्षसम्म रहेको पञ्चायती व्यवस्थालाई प्रगतिको बाधक भनियो ।

**गणतन्त्रको विकल्प खोज्ने त ?**

यो देशको मुहार फेर्ने हो भने पञ्चायत फाल्नुपर्छ भनियो । जनताले पत्याए । पञ्चायतको अन्त्यका लागि अनेक संघर्ष र बलिदान भए । प्रजातन्त्र आयो । तर पनि जनताको अवस्था उस्तै रह्यो । भोक, रोग, विभेद, असमानता । त्यसपछि माओवादी आए र भने प्रजातन्त्रले पुग्दैन । गणतन्त्र चाहिन्छ । आन्दोलन भयो । गणतन्त्र ल्याउन जनता मैदानमा उत्रिए । गणतन्त्र आयो । फेरि पनि जनताको अवस्था फेरिएन । फेरि पनि जनताका सपना पूरा भएनन् । फेरि पनि प्रश्न जस्ताको तस्तै रहे ।

असल शासन भन्ने शब्द अहिले हाम्रो लोकतन्त्रमा हराउँदै जान थालेको जस्तो देखिन्छ । असल शासन अहिले मुलुकको नीतिमा उल्लेख होला तर कार्यक्रममा चाहिँ छैन । पहिला पनि जस्तो सरकार उस्तै प्रतिपक्षी कस्तो मिलेको थियो । अब पहिलेदेखि मिलेकाहरु एक भएका हुन् । अब सरकार पनि बिचौलिया, भ्रष्टाचारी देख्नै नहुने, नुहाई धुवाई गरेर चोख्याइ दिइ हाल्छन् । हरेक दलमा गुट भन्दा गिरोह हावी छन् । नेकपा एमाले होस् कि नेपाली कांग्रेस गिरोहको जालमा त फंसेका छन् नै तर पनि पार्टीको असहमत पक्ष पनि त्यति गतिलो चाल चल्न सकेका छैनन् ।

हरेक पार्टीभित्र स्थापन पक्ष र किनारीकृत पक्ष रहेका छन् । संस्थापन पक्षले उनीहरुले भनेको सबै विषय अर्थात् सबै कुराहरु मान्नै पर्छ भन्ने केही छैन । पार्टी भित्रका किनारीकृत पक्ष पनि खासै प्रश्न नि गर्दैनन्, हल्का फुल्का बिरोध गर्छन् केही भाग पाउने आश गर्छन् । केही पाउछन् अनि चुप लाग्छन् । वा संस्थापन एकीकृत ध्रुवीकृत भएर पार्टी भित्रको प्रतिपक्षलाई तितरबितर गर्दै अझै किनारीकृत गरि दिन्छन् । हुने गरेको यस्तै हो । पार्टी भित्रको लोकतन्त्र निमोठिएको छ नै देशको लोकतन्त्र पनि निमोठिएको छ ।

निश्चय नै लोकतन्त्रलाई बलियो बनाउन शासन वा शासक विरुद्ध प्रश्न र प्रश्नकर्ता पनि बलियो नै चाहिन्छ । तर प्रश्न र प्रश्नकर्ता संसदमा कमजोर दुई अवस्थामा मात्रै हुने हो कि त स्विजरल्याण्ड जस्तो हरेक राजनैतिक प्रश्न हल भएको हुनुपर्यो वा त्यस्तो प्रश्न सामान्य जनताको तर्फबाट आए पनि हल गर्ने संयन्त्र भएको हुनुपर्यो वा सम्भावित प्रश्नको हल हुने सम्भावना आफूहरुबाट हुँदै नहुने भएपछि पुरानो सत्ता जोगाउन पुरानो सत्ताको संस्थापन पक्ष एक भएर आफ्नो सत्ता जोगाउने प्रयास गर्ने गर्छन् यस्तो प्रयासलाई नै संस्थापनवाद भनिन्छ ।

**लोकतन्त्र तीन दृष्टि**

पार्टीमा संस्थापन पक्ष भएझैँ देशमा पनि संस्थापन पक्ष हुन्छन् । जसले सामाजिक वा राजनीतिक संस्थापन (Establishment) को पक्षधरता गर्छन् । यसैलाई संस्थापनवाद भनिन्छ । संस्थापनवादले लोकतन्त्रलाई सिमित गर्दछ । अहिले विश्व भरी संस्थापन लोकतन्त्र विरुद्धमा किनारीकृत लोकतान्त्रिक आन्दोलनको लहर पनि चलेको छ । लोकतन्त्र तीन दृष्टिबाट किनारीकृत हुन सक्छन् । एउटा सामन्ती चरित्रको हुन सक्छ । दोस्रो वर्गीय चरित्रको हुन सक्छ । तेस्रो नश्लीय चरित्रको हुन सक्छ । राजा सहितको लोकतन्त्र सामन्ती चरित्रको लोकतन्त्र भएकै कारण गणतन्त्र ल्याउनुपर्ने भयो ।

सर्वहारावर्गको अधिनायकवादी व्यवस्था ल्याउनु पर्छ भनेर माओवादी जनयुद्ध भयो, कम्युनिष्टहरुले सधै त्यही भने तर उनीहरु आफै सामन्ती चरित्रका भए । आर्थिक वर्ग परिवर्तनशिल हुने नै भयो त्यसै पनि अहिलेको विश्व युगमा वैदेशिक रोजगारी एवं व्यवसाय आदिका कारण हिजो सर्वहारा रहेका वर्ग आज राम्रो हुन् सक्ने पनि भए । मुख्य कुरा एकल राष्ट्रिय आधारित राज्यमा देखिएको मुख्य समस्या भनेको नश्लीय हुनु हो । विविधता भएको देशमा राज्य नश्लीय भयो भने स्वाभाविक रुपमा एकल नश्लीय राज्यमाथि बहुल राष्ट्रियताहरुले दावा प्रस्तुत गरे । आफ्नो सत्ता जोगाउन एकल नश्लावादीहरु एक हुनु स्वाभाविक हो । दुवै उहीँ हो । राष्ट्रिय मुक्ति क्रान्ति अघि बढे पछि सडेगलेका राज्य पक्षधर ध्रुवीकरण हुनु स्वभाविक हो ।

नेकपा (एमाले) र नेपाली काँग्रेस स्वाभाविक रुपमा औपनिवेशिक गोर्खाली राज्यसत्ताको संस्थापनपक्ष हुन् र बाँकी राज्य विहिन मधेशी, थारु, लिम्बु, तामाङ्ग, नेवा लगायतका राष्ट्रहरु प्रतिपक्षी हुन् । हुन त सैद्धान्तिक रुपमा तथा राजनैतिक दलको रुपमा माओवादी (हरु), मधेशवादी (हरु) र पहिचानवादी(हरु) औपनिवेशिक गोर्खाली राज्यसत्ताको प्रतिपक्षी हुन् तर जब माओवादी(हरु), मधेशवादी(हरु) र पहिचानवादी(हरु) त्यही औपनिवेशिक गोर्खाली राज्यसत्तामा सहवरण भयो तब केपी ओलीहरुले घोषणा नै गर्यो कि अब हामीलाई चुनौती दिने कुनै शक्ति छैन वा रहेन । अब यो देश उनिहरुको “बापको बपौती“ भयो । तर राष्ट्रिय मुक्ती क्रान्तिको उद्घोष पश्चात तथा मुलुकलाई नयाँ कार्यदिशामा लैजाने योजनाबाट संस्थापनवादीहरु भयभित भए र संसदीय राजनीतिको न्यूनतम मान्यतालाई कुल्चिदै औपनिवेशिक गोर्खाली राज्यसत्ता जोगाउन सबै एक भयो ।

**अब,**

यसले राष्ट्रिय मुक्ती क्रान्तिलाई परोक्ष सहयोग नै गर्नेछ । किनकि हल नभएका वा गर्न नचाहेका यावत प्रश्नहरु लिएर राष्ट्रिय मुक्ति क्रान्ति योजनावद्ध अगाडी बढेको छ । यस अवस्थामा आफ्नो खाइ पाई आएको भोग अर्काले खाइ देला कि भनेर औपनिवेशिक ज्ञानद्वारा निर्देशित नश्लावादीहरु ध्रुवीकरण भएको बखत अब असली माओवादी(हरु) यदि कोही छन् भने, असली मधेशवादी(हरु) र असली पहिचानवादी(हरु) लाई नयाँ ध्रुवीकरणमा जान बाध्य हुनेछ । कुर्सीको वरिपरि घुम्न रमाउने उथलपुथलवादी, नव सामन्त ठगहरु र सडन आटेका मधेशका रियालिस्टहरु अझै गन्हाउने गरि बिग्रिने कि परिवर्तनको संघर्षमा लामबध हुने । ढुलमुल हुनु पनि बिग्रिनु नै हो किनकि -

१. एउटा कित्तालाई संविधान परिवर्तन गर्नु छ । समानुपातिक खोस्नु छ, प्रदेश पङ्गु वा खारेज गर्नु छ । पश्चगामी संविधान बनाउनु छ । अर्को शक्ति सडकमा छ जो आर्को अग्रगामी संविधान बनाउने अभियानमा लागी परेको छ ।

२. एउटा कित्तालाई सबै भ्रष्टाचार छोप्नु छ, जोगाउनु छ अझै देश लुटनु छ । अर्को शक्ति जो सडकमा छ जो भ्रष्टाचारको प्रविधि र प्रवृति सिध्याउने अभियानमा छ ।

३. एउटा कित्तालाई संविधानले जनतालाई प्रदान गरेको अधिकार ग्रहुँगो भएको छ तर अर्को शक्ति जो सडकमा छ त्यसलाई यो अझै हल्का फासफुसे लागि रहेको छ ।

४. एउटा कित्ता पश्चिमा औपनिवेशिक ज्ञानमा अधारित रहेर उनिहरुकै पक्षपोषण गर्दै, उहीँ ज्ञानलाई उत्कृष्ट भन्दै देशबाट पलायनको स्थिति र कङ्गाल बनाउन लागि परेको छ । अर्को शक्ति जो सडकमा छ जो स्वदेशी ज्ञानलाई उच्च भन्दै स्वदेशवादको वकालत गर्छ ।

५. एउटा कित्ता जनताको राष्ट्रियताको पहिचान, राष्ट्रियताको अधिकार, राष्ट्रियता लोकतन्त्र खोस्न राष्ट्रिय सहमतिको गठबन्धन गरेको छ अर्को शक्ति जो सडकमा छन् ती सबै राष्ट्रियताको पहिचान, अधिकार र लोकतन्त्र प्राप्त गर्न बहुल राष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति अभियानमा छ ।

**कुन कित्ता रोज्ने ?**

देश एकल नश्लीय भयो भने कोही जुनसुकै पार्टीमा किन नहोस् निश्चित व्यक्तिहरु सबै क्षेत्र र संस्थाहरूको पिरामिडको उपल्लो तहमा भएका सीमित व्यक्तिहरूको अनौपचारिक क्लव भएको हुन्छ । यसलाई अंग्रेजीमा ‘सर्कल अफ पावर एलिट’ भन्ने गरिन्छ । यसभित्र कुटनीतिज्ञ, प्रशासक, संवैधानिक निकायका प्रमुख, न्यायिक नेतृत्व, ठूला व्यापारिक घरानाका सदस्य मात्र हैन, मिडिया, सार्वजनिक बौद्धिक र सेलिब्रेटीको पनि साँठगाँठ हुन्छ । देशका करिब १ सयदेखि २ सय परिवार भित्रभित्रै एक अर्कोको नजिक हुन्छन् । एक अर्काको स्वार्थमा सहयोग गर्दछन् ।

राज्यका सबै नीति यिनकै वरिवरि घुम्छन् । नेतालाई व्यापारीले चुनावमा चन्दा दिन्छ । नेताले व्यापारीलाई बजेटमा कर छुट गर्दिन्छ । नेताले प्रशासकलाई चाहेजस्तो सरुवा, बढुवा वा राजनीतिक नियुक्ति गर्दिन्छ । प्रशासकले घुस, कमिसन संकलन गरी नेतालाई पार्टी चलाउने पैसा दिन्छ । नेता र व्यापारीले मिडियालाई विज्ञापन र बौद्धिक जगतलाई राजनीतिक नियुक्ति वा कुनै प्रोजेक्ट दिएर उद्धार गर्दछन् । मिडिया र बौद्धिक जगत्ले नेता र व्यापारीको हितमा भाष्य नियन्त्रण गर्दिन्छन् । लेख्दिने, बोल्दिने सार्वजनिक बहसलाई कसैको हितअनुकूल बङ्ग्याइ दिन्छन् ।

यस्तो अघोषित क्लब नै संस्थापनवाद हो । लोकतन्त्रको आवरणमा अल्पतन्त्र हो । संस्थापनवादको सिद्धान्त अनुसार नेपाली काँग्रेस र नेकपा (एमाले) एकै ठाउँमा रहुन् कि छुट्टाछुट्टै रहुन् त्यसको केही अर्थ हुन्न । उनिहरु एकै जात, वर्ण, धर्म, तथा वर्ग स्वार्थको रक्षा गर्ने हेतु सहकार्य गरि नै रहेका हुन्छन् । फगत त्यो कहिले देखिन्छ भने कहिले देखिन्न । देशमा लोकतन्त्रका लागि तीन ठूला आन्दोलन र क्रान्ति भए । २०६३ को मधेश जनविद्रोहजस्ता पूरक विद्रोह पनि लोकतन्त्रकै लागि थिए । त्यसो त एक दशक लामो माओवादी जनयुद्ध पनि लोकतन्त्रकै पूर्णताका लागि भनिएको थियो । तर, जनतामा अझै लोकतन्त्र पूर्ण र सार्थक नभएको, उन्नत लोकतन्त्रका लागि फेरि एउटा अर्को नयाँ लोकतान्त्रिक आन्दोलन हुनुपर्ने धारणा प्रबल हुँदै गएको छ । पूर्ण लोकतन्त्रको निम्ति बहुल राष्ट्रिय राज्यको स्थापना जरुरी छ र त्यसैको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति अघि बढेको छ ।

अहिले बोल्नका लागि जनतासँग अनेक माध्यम छन् । फेसबुक, ट्विटर जस्ता सामाजिक सञ्जालका साथै इमेलको प्रयोग गरेर सरकारलाई प्रश्न गर्न सकिन्छ । सडकमा निस्कन सकिन्छ । पत्रपत्रिका तथा अन्य डिजिटल प्लेटफर्म जस्तै ब्लग, भिडियो ब्लग, पोडकास्टहरूको प्रयोग गरेर प्रश्न उठाउन सकिन्छ । त्यसैले अबको ध्रुवीकरण संस्थापनवादी दल र राष्ट्रिय मुक्ति क्रान्ति बिच मात्र होइन कि संस्थापनवादी र किनारीकृत गरिएका जनता बीच पनि हो । त्यसैले स्पष्ट छ अब कुन कित्ता रोज्ने ? ओलियन डक्ट्रीन कि राष्ट्रिय मुक्ति क्रान्ति !! किनकि अब नयाँ ध्रुवीकरण “औपनिवेशिक गोर्खाली राज्यसत्ता“ विरुद्ध “राष्ट्रिय मुक्ती क्रान्ति“ हुनेछ ।

*(लेखक सन्तोष मेहता राष्ट्रिय मुक्ति क्रान्तिका नेता हुनुन्छ)*

अन्तरवार्ता

# अरु दलले के गर्छन् थाह छैन तर लोसपा त्यतिबेला पनि बिद्रोह गर्छ



■ डा.सुरेन्द्रकुमार झा
महासचिव, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

नेपाली काँग्रेस र नेकपा (एमाले) बिच असार १७ गते एउटा सहमति भयो र दुई दलको गठबन्धन बन्यो । त्यो गठबन्धन बनेसँगै प्रधानमन्त्री प्रचण्डको सरकार ढल्ने नै भयो । एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार पनि गठन भइसकेको छ । एमालेको नेतृत्वमा सरकार बनाउने गठबन्धनमा सहमति भएको एउटा बुँदा हो त्यो कार्यान्वयन भयो । त्यसबाहेकका अरु पनि बुँदामा सहमति भएको छ जुन बाहिर आएका छैन । त्यसमा अहिले विभिन्न टिप्पणीहरु भइरहेका छन् । कसैले लोकतन्त्र नै खतरामा पर्ने सहमति भएको हो रे, कसैले साना दललाई समाप्त परेर दुई दल मात्र राख्ने सहमति भएको हो रे, कसैले समानुपातिक निर्वाचन प्रणाली हटाउन लागेको हो रे । यस्ता विभिन्न टिप्पणीहरु भइरहेका छन् । वास्तवमा भएको के हो, त्यसले आउने राजनीतिमा कस्तो प्रभाव पार्छ, साना दलहरुको अवस्था के हुन्छ यिनै विषयमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महासचिव डा.सुरेन्द्रकुमार झासँग सहारा टाइम्सले गरेको कुराकानीको सम्पादीत अंशः

**नयाँ गठबन्धन (काँग्रेस-एमाले)लाई लोसपा नेपालले पनि समर्थन गरेको छ । समर्थन सशर्त हो कि निशर्त ?**

यो नयाँ सत्ता गठबन्धनलाई अहिलेलाई लोसपाले निशर्त समर्थन गरेको छ । सरकारलाई स्थायीत्व दिनका लागि लोसपाले निशर्त समर्थन गरेको हो । हाम्रो लागि यो कुनै नयाँ गठबन्धन होइन । काँग्रेससँग सुरुदेखि हामी सहकार्यमा थियौं । चुनावदखि नै हाम्रो सहकार्य कायम छ । सरकारमा पनि हाम्रो सहकार्य भएको थियो । सरकार बाहिर पनि सहकार्य भएको थियो । अहिले एमालेसँग गठबन्धन बनाएपछि काँग्रेसले हामीलाई पनि सँगै जाउ भन्नुभयो । काँग्रेससँग हाम्रा धेरै कुरा मिल्छ । काँग्रेस लोकतान्त्रिक विचारधाराको पार्टी हो र हामी पनि त्यसमै विश्वास गर्ने भएकाले सो पार्टीसँग निकटता छ ।

**मन, विचार र सिद्धान्त मिल्दैमा यसरी आँखा चिम्लेर समर्थन गर्न पाइन्छ तर तपाईहरुका थुप्रै मुद्दाहरु छन् त्यसको बारेमा किन कुरा गर्नु भएन त ?**

हो हामी मुद्दाबेस पार्टी हौं । हामी मिसनमा होइन, मुद्दामा काम गर्छौं । हाम्रा थुप्रै मुद्दाहरु छन् जसका लागि हामी संघर्षरत छौं । विगतमा भएका आन्दोलनका क्रममा पक्राउ परेका कतिपय साथीहरु जेलमै हुनुहुन्छ । कतिपयमाथि मुद्दा लागेका छन् । धेरैले मुद्दाका लागि अदालत धाइ रहनु भएको छ भने कतिपय भागी भागी हिडिरहनु भएको छ । कतिपय थुनामा हुनुहुन्छ । कोही घाइते अवस्थामा हुनुहुन्छ, कतिपयले उपचार पाइरहेका छैनन् कतिपय अझै उपचारकै क्रममा हुनुहुन्छ । सहिद परिवारको अवस्था पनि त्यस्तै छ । हाम्रा अधिकाँश मागहरु यथावत छन् । यी मागहरुको बारेमा सरकारसँग हामी निरन्तर संवादमा छौं । जहिले जुन विषयमा कुरा हुँदा हामीले यी माग पुरा गराउनका लागि शर्तकै रुपमा राख्छौं । चाहे प्रधानमन्त्रीलाई समर्थन गर्दाको अवस्था होस् या विश्वासको मत दिँदा होस् । अथवा संसदमा आफ्नो कुरा राख्ने कुरा होस् हामीले आफ्ना कुरा राखेका हुन्छौं । कहिले लिखित रुपमा दिएका हुन्छौं भने कहिले मौखिक रुपमा कुरा राखेका हुन्छौं । तर हामीले हाम्रो कुरा राख्न कहिले बाँकी राखेका छैनौं । एमाले र काँग्रेस बिच गठबन्धन बनाउने सहमति भइसकेपछि काँग्रेसले छलफका लागि हामीलाई बोलाएको थियो । त्यो छलफलमा पनि हाम्रो पार्टीका अध्यक्ष महन्थ ठाकुरजीले यी मुद्दाहरुको बारेमा कुरा राख्नुभयो । थमन विक हत्या आरोपमा पार्टीका नेताहरु पक्राउ पर्नुभएको छ । कतिपयमाथि मुद्दा चलिरहेको छ । त्यसको के हुने कुरा राख्नुभएको थियो । काँग्रेसका सभापति शेरबहादुर देउवाले यी सबै विषयमा हामी सल्लाह गरौला भन्नुभएको छ । अहिले कुनै सम्झौता नभए पनि हामीले आफ्नो कुरा राखि सकेका छौं ।

**तपाईले अघि सरकारको स्थायित्वका लागि सत्ता गठबन्धनलाई समर्थन गरेको भन्नुभएको छ, यस्तो कुरा त हरेक गठबन्धनले गरेका हुन्छन् यसमा कस्तो स्थायित्व हुन्छ ?**

सही भन्नुभयो । जुनसुकै गठबन्धन वा सरकार बन्दा स्थायित्व तथा सहमतिको सरकारको कुरा गरेका हुन्छन् । स्थिर सरकार बनाउनका लागि यो सब प्रयास भएको भनिएको हुन्छ । सहमतिका सरकार बनाउने प्रयास गरिएको देखिएको हुन्छ । तर खासमा पार्टी विशेष, गठबन्धन विशेषको सरकार बनेको हुन्छ । अहिलेको काँग्रेस-एमाले गठबन्धनले पनि त्यही भनेको छ । हामीलाई काँग्रेसले बोलाएर कुराकानी गर्दा पनि स्थिर सरकार निर्माणका लागि यो पहल भइरहेको भनिएको थियो । र, साँच्चै भन्नुहुन्छ भने विगतका सरकार अस्थिर सरकार थियो । कहिले कोसँग गठबन्धन त कहिले कोसँग गठबन्धन । महिनेपिच्छे विश्वासको मत दिनु परेको थियो । एकदमै गञ्जागोल सरकार थियो त्यो । तत्कालिन प्रधानमन्त्री प्रचण्डले पनि आफूले उथलपुथल गरिरहने भन्नुभएको थियो । यसले साह्रै नै अस्थिर जस्तो अवस्था थियो । त्यसबाट मुक्ति पाउने माहोल तयार भइरहेको थियो । अहिले नै त म भन्न सक्दिन कि यो स्थिर तथा पुरै अवधिको लागि बनेको स्थायी सरकार हो । तर प्रचण्ड नेतृत्वको सरकारभन्दा यसको बनावट र प्रकृया केही पक्कै फरक छ र फरक रहन्छ जस्तो मलाई लाग्छ । अहिले दुई दलको समर्थनमा यो सरकार बनेको हो । सरकार बनाउनका लागि कुनै दलको सहयोग लिएको छैन । यसले के फाइदा हुन्छ भने भोली गएर कुनै दलले समर्थन फिर्ता वा सरकारबाट बाहिरिदा प्रधानमन्त्रीलाई विश्वासको मत लिने अवस्था रहदैन । सरकार ढाल्ने भय सत्ताधारी दललाई हुँदैन । यसले एउटा स्थायित्वको संकेत दिन्छ । दुई दलको बिचमा राम्रो समझदारी रह्यो भने अरु कसैको सहयोगबिना मज्जाले सरकार पुरै अवधि जान्छ भनि आशा गर्न सकिन्छ ।

**तर दुई प्रमुख ठूला दलले सरकार बनाएको छ, त्यो अस्वभाविक हो र यो सरकार लामो समय जाँदैन भनिन्छ नि ?**

संसदीय राजनीतिमा विपक्षी दलको भूमिका धेरै नै महत्वपूर्ण हुन्छ । विपक्षी दल सरकारको एउटा पार्ट जस्तै हुन्छ । त्यसैले सत्ताधारी दल जतिकै बलियो विपक्षी दल पनि हुनुपर्छ भने मान्यता हो संसदीय व्यवस्थामा । तर अहिलेको सरकारमा विपक्षी निकै कमजोर देखिएको छ । सत्ता पक्ष बलियो देखिन्छ । यसले गर्दा विभिन्न शंका उपशंका उत्पन्न भएको हो । अर्को कुरा, काँग्रेस र एमाले बिल्कुल फरक ध्रुवका हुन् । दुवै दलको बिचमा सत्ता सहकार्यबाहेक अरु कुनै कुरामा मेल खाँदैन । फरक विचार, फरक सिद्धान्त, फरक स्कूलिङ, फरक सोचका छन् । त्यसले गर्दा पाइला पाइलामा अप्ठ्यारो हुनसक्छ भनि अनुमान गर्न सकिन्छ । तर देश बनाउने, देशलाई समृद्ध बनाउने, आर्थिक समृद्धिका लागि कुरा मिल्छ र सोही मिसनमा एक भएको हो जस्तो लाग्छ । सत्ता टिकने न टिकने जहाँसम्म कुरा छ । विगतमा कम्युनिष्ट पार्टीहरुकै सरकार बनेको थियो । दुई तिहाइ बहुमतको सरकार ओलीकै नेतृत्वमा बनेको थियो । त्यो सरकार पनि पुरै अवधिसम्म टिक्न सकेन भने फरक विचारका पार्टीहरु बिचको सरकार कसरी टिक्ला भनि आशंका हुनु स्वभाविक हो तर अहिले नै हामी त्यस्तो नसोचौं । दीर्घाउका लागि कामना गरौं ।

**यो सत्ता गठबन्धन जुन रुपमा अगाडि बढेको छ, गोप्य सहमति भएको कुराहरु जसरी बाहिर आएका छन् त्यसले साना दलहरु समाप्त हुने टिप्पणीहरु भइरहेका छन्, तर अहिले साना दलहरुले केपी ओली सरकारलाई साथ दिन हानाथाप गरिरहेका छन् किन आफ्नै मृत्युपत्रमा हस्ताक्षर गरिरहेका छन् त ?**

सत्ता गठबन्धनमा रहेका दलहरुले राष्ट्रिय सहमतिका सरकारका लागि आह्वान गरिएको हो । यो सरकारमा आउनका लागि माओवादी केन्द्रलाई पनि आह्वान गरिएको छ । रवि लामिछानेका रास्वपा र माधवकुमार नेपालका नेकपा (एस)लाई पनि आग्रह गरिएको हो । अन्य दललाई पनि सोही अनुसार आग्रह गरिएको हो त्यसमा सहमत भएर कतिपय दल आए, कतिपय आएनन् । तर अहिले ओली नेतृत्वको सरकार राष्ट्रिय सहमतिकै सरकार जस्तै हो । अधिकाँश दलले साथ दिने घोषणा गरिसकेका छन् । जहाँसम्म तपाईले गोप्य सहमति भएको कुरा उठाउनु भएको छ त्यसमा कति सत्यता छ भने कुरा बाहिर आएको छैन । काँग्रेस-एमालेका नेताहरुले पनि यस्तो कुनै पनि सहमति नभएको भन्दै आउनु भएको छ । तर मिडियामा सहमतिका कुराहरु लगातार आइरहेका छन् । समाजिक सञ्जालमा पनि विभिन्न टिप्पणीहरु भइरहेका छन् । बजारमा सुनिएका यी सब हल्ला मात्र हुन् जस्तो लाग्छ । सहमतिका बुँदाहरु गर्भमै छन्, गर्भबाट निस्कदा कस्तो निस्किन्छन् त्यसपछि मात्र त्यसमाथि टिप्पणी गर्दा ठिक हुन्छ । संघीय लोकतन्त्र, सामाजिक न्याय तथा आधारभूत मान्यता विपरित कुनै सम्झौता भएको हुन्छ भने त्यसलाई हामी तत्कालै विरोध गर्छौं जसरी यो सरकारलाई समर्थन गरेर सरकारमा गएका छौं त्यसरी नै हामी बाहिर आउँछौं । हामी त्यतिबेला कुनै इन्तु किन्तु परन्तुमा पर्दैनौं । हाम्रो जुन मुद्दा छ, जुन एजेण्डा छ, त्यसमा हामी अडिग छौं । त्यसमा कुनै सम्झौता हुने छैन । अरु दलले के गर्छ थाह छैन तर लोसपा त्यतिबेला पनि बिद्रोह गर्छ ।


**समानुपातिक निर्वाचन प्रणाली समाप्त गरेर, थ्रेस होल्डको प्रतिशत बढाएर साना दललाई समाप्त गरेर देशमा दुई दल मात्र रहने योजनामा यो गठबन्धन अगाडि बढेको हो भनि चर्चा छ तपाईको बुझाई के छ ?**

मैले अघि पनि भने कि यी सब गर्भमै रहेको कुरा हुन् । बाहिर मिडियामा आएको कुरा हो, त्यसमा कतिको सत्यता छ त्यसको मापन कसैले गरेको छैन । यदि कुनै सम्झौता भएको छ भने त्यो बाहिर आउनुपर्छ । र गठबन्धनले त्यसलाई सार्वजनिक गर्छ भने कुरामा मलाई विश्वास छ । सहमतिका बुँदाहरु सार्वजनिक भइसकेपछि मात्र त्यसमा आफ्नो धारणा बनाउँदा ठिक हुन्छ । रह्यो कुरा समानुपातिक निर्वाचन प्रणालीको, यो प्रणाली नै गणतन्त्रको गहना हो । गणतन्त्रको प्राण हो, मुटु हो । कुनै पनि गणतन्त्रवादी दलले यसलाई समाप्त गर्छ जस्तो मलाई लाग्दैन । र गर्नु पनि हुँदैन । लोसपा समावेशी समानुपातिकका लागि लडेर आएको पार्टी हो त्यसको विरुद्धमा कहिले जाँदैन । कुनै दललाई कसैले समाप्त गर्न सक्दैन । दल सानो होस् या ठूलो त्यसका आफ्नो अस्तित्व हुन्छ । त्यसको आफ्नो पहिचान हुन्छ । आज सानो छ भने भोली ठूलो हुनसक्छ । कुनै दल ठूलो छ भने भोली सानो हुनसक्छ । ती सबै उसले गर्ने काममा भर पर्छ । मुद्दा र एजेण्डा ठिक भयो भने कुनै पनि दल सानो ठूलो हुँदैन । मजदुर किसान पार्टी भक्तपुरमा सिमित भएको छ तर त्यो दलको चर्चा राष्ट्रिय, अन्तरराष्ट्रिय रुपमा हुने गरेको छ । राष्ट्रिय राजनीतिमा त्यो दलको महत्व छ । त्यसैले थ्रेसहोल्ड लगाएर पार्टी समाप्त गर्छ कि के गर्छ त्यो चिन्ताभन्दा पनि आफ्नो अधिकार र पहिचानका लागि कसरी मुद्दा उठाउँछ । जनताको हितमा उसले कसरी काम गर्छ त्यो मुख्य कुरा हो । गत चुनावमा लोसपा राष्ट्रिय पार्टी हुन सकेन । त्यो एउटा प्राविधिक कुरा भयो । लोसपा आफ्नो मुद्दा, एजेण्डामा कति प्रतिवद्ध छ । जनताको पक्षमा कति बोल्छ त्यो मुख्य कुरा हो ।

# संविधान संशो

काँग्रेस-एमाले गठबन्धनले संविधान संशोधनको कुरा उठाएको छ। दुई दलको बिचमा गोप्य ढंगले सहमति भइसकेको कुरा पनि चर्चामा आए
त्यो कुरा अहिले बाहिर आएको छैन। तर त्यो सहमतिको बारेमा संशय उत्पन्न भएको छ। त्यसमाथि विभिन्न कोणबाट बहस भइरहेका छन्। यह
संशोधनः मधेशी र अन्य सीमान्तकृत समुदायका सरोकारहरु' विषयमा कार्यक्रमको

## हामी संविधानले होइन विधानले शासित छौं



**सिके लाल, राजनीतिक विश्लेषक**

प्राविधिक रुपले नेपालमा सात वटा संविधान बनेका छन् तर राजनीतिक रुपले हेर्नुभयो भने आजसम्म कुनै संविधान नै बनेका छैनन्। विधान बनेको छ संविधान बनेको छैन। पद्म शम्शेरले त हाकाहाँकी भन्नुएको थियो कि यो संविधान होइन विधान हो। जुन विधानले शासकको अधिकार दिन्छ र शासितको बाँधिन्छन्। राणाले विधान दियो शासितलाई बाँध्यो। शाहले विधान दियो शासितलाई बाँध्यो। पछि तीन ब्रहमण (प्रचण्ड, केपी ओली, शेरबहादुर देउवा)ले बिधान दिए, त्यसले पनि शासितलाई बाँध्ने काम गर्‍यो। संविधान तब कहलिन्छ जब शासित स्वेच्छाले बाँधिन तयार हुन्छ। अहिलेको संविधान पनि एउटा विधान नै हो। जुन विधान सय जनाको रगतबाट लेखिएको हो। सुनको पन्नामा हिरेमोतीको मसीले लेख्दैमा त्यो विधान संविधान बन्न सक्दैन। विधान तब संविधान बन्छ जब बाँधिनेहरु बाँधिनका लागि तयार हुन्छन्। न्यायगत मान्यता समूहगत प्राप्ति भएपछि मात्र त्यसलाई संविधान भन्न सकिन्छ। संविधान राजनीति दस्तावेज हो। राजनीतिक दस्तावेजमा गतिशिलता आवश्यक हुन्छ। संविधान जडता हुनुहुँदैन, नदी जस्तो गतिशिल हुनुपर्छ, स्थायित्व हुनुपर्छ। नेपालमा संविधान छदैछैन भने त्यसको संशोधन कसरी गर्ने किन गर्ने ? सविधान संशोधनको समयमा केही व्याकरणका जानकारहरुले काम पाउने छन्, कोही आयोगमा जाने छन्, कोही परामर्श दाताको रुपमा काम पाउने छन् कुनै डोनर एजेन्सीबाट सहयोग पनि प्राप्त गर्छन्। यी सब काम सुरु हुँदा केही पिछडिएका समुदाय खुशी पनि हुन्छन्। केही पाएको जस्तो अनुभूती गर्छन्। जब कि त्यहाँबाट केही प्राप्त हुँदैन। किनभने त्यो संविधान नै होइन। सत्तासँग तर्क गरेर कोही पनि जित्न सक्दैन, किनभने सत्ताले तर्क सुन्दैन। त्यसैले विश्लेषकहरु तर्क गर्दा त्यसबाट बाहिर आएर भावनालाई सम्झिनु होला। अधिकारको लडाइ, सम्मानको लडाईको परिणाम कहिले पनि निस्किदैन। त्यसका लागि तपाई कति लामो लडाई लड्न तयार हुनुहुन्छ त्यसमा भर पर्छ।

## दुई दलको सम्झौता रहस्यमय

**डा.रविन्द्र यादव, संस्थापक, मधेशी एकता समाज**



मध्यराती प्रमुख दुई ठूला दल काँग्रेस र एमालेले सात बुँदे सहमति गरेका छन्। त्यो सहमति के हो त्यो बाहिर आएको छैन तर मिडियामा चर्चा भए अनुसार एउटा बुँदामा संविधान संशोधनको विषय पनि समावेश छ। यी दुवै दल सरकारमा आएपछि संविधान सुधार आयोग गठन गेरेर संविधानलाई संशोधन गर्नेछन्। संविधान सभा गठन गर्नका लागि सैकडो मधेशी युवाले बलिदानी दिएका थिए तैपनि पहिलो संविधान सभाबाट संविधान निर्माण हुन सकेको थिएन। दोस्रो संविधान सभा गठन भएपछि त्यसबाट रातारात संविधान बनाउने काम भयो। विरोधका बाबजुद पनि ठूला दलहरु मिलेर फास्टट्रयाकबाट संविधान निर्माण गरे। सोचेको जस्तो संविधान त बन्न सकेन तर संघीयता, समावेशीता, धर्मनिरपेक्षता जस्ता कुराहरु संविधानमा उल्लेख छ। अहिले दुई ठूला दलले संविधान संशोधनको कुरा गरिरहेका छन्। सात बुँदे सहमति पनि भएको छ। तर के सम्झौता भइरहेको छ, के के विषयमा सहमति गर्न खोजेका छन् तीमध्ये कुनै पनि कुरा बाहिर आएको छैन। तर अच्चमको कुरा मधेशवादी दलहरु पनि ती सम्झौतालाई समर्थन गरेका छन्। दुई दलले सात बुँदे सहमति जसरी गरेको छ र त्यसलाई रहस्यमय बनाएको छ त्यसलाई मधेशवादी दलहरुले घोर विरोध गर्नुपर्थ्यो तर अहिले ती सबै दलले समर्थन जनाएका छन्।

## समानुपातिकका कारण देशमा अस्थिरता आएको होइन

**तुलानारायण साह, राजनीतिक विश्लेषक**

संविधान भनेको राजनीतिक दस्तावेज हो र हामीले त्यस भित्रका राजनीति बुझ्नुपर्छ। राज्यले मधेशी, थारु, सीमान्तकृतमाथि कसरी शासन गरेको छ। कहाँबाट गरेको छ त्यो कुरा विभिन्न अध्ययनबाट थाह हुन्छ। तपाई लोकसेवाको परिणमलाई हेर्न सक्नु हुन्छ। एउटै समुदायका पास भएका हुन्छन्। सिंहदरवारमा सचिवको नामावली हेर्नुभयो भने अधिकाँश एउटै समुदायका हुन्छन्। यस्ता धरै कुराहरु हेर्न पाइन्छ जसको कारणले राज्य सीमान्तकृत समुदायमाथि शासन गरिरहेका छन्। नागरिकताको समस्या अझै समाप्त भएको छैन। शिक्षा नीति, भूमी सुधारलगायतको विषयमा अध्ययन गर्न आवश्यक छ। अनि मात्र मधेशीमाथि यो राज्यले कसरी शासन गरेको छ त्यो कुरा बुझ्न सकिन्छ। संविधान सशोधनका लागि दुई ठूला दलले सहमति गरेका छन् तर केकेमा संशोधन हुने त्यो कुरा बाहिर आएको छैन। यद्यपी ती दलका नेताहरुले भन्ने गर्नुएको छ, 'देशमा स्थिरता ल्याउनका लागि संविधान संशोधन गर्न लागिएको हो।' यो देशमा अस्थिरता ल्याउने काम समानुपातिक निर्वाचन प्रणालीले गरेका छन् त्यसैले त्यसलाई हटाउनुपर्छ भनि भनिरहेका छन्। के नेपालमा समानुपातिक निर्वाचन प्रणाली लागु भएपछि मात्र देशमा स्थिरता नभएको हो ? समानुपातिक निर्वाचन प्रणालीका कारण देशमा स्थिरता भएन भन्नु भन्दा अरु कुनै कुतर्क हुनसक्दैन। प्रत्यक्ष निर्वाचन प्रणाली हुँदा पनि देशमा अस्थिरता थियो। प्रत्यक्ष निर्वाचन काँग्रेसले पटक पटक देशको नेतृत्व गरेको थियो तर त्यो बेला पनि अस्थिर थिएन। २०१५ देखिको भएको चुनाव र त्यसपछि बनेका सरकार हरुको बारेमा अध्ययन गर्दा सबै कुराको पुष्टि हुन्छ। समानुपातिले अस्थिरता आएको होइन, बरु समानुपातिक आएपछि खस आर्यको सीट घटेको छ, अन्य समुदायहरुको पहुँच बढेको छ। बार्गेनिङ बढेको छ। हरेक कुरामा अधिकार खोज्छ। त्यसैले संविधान संशोधन गरेर समानुपातिक हटाउने र थ्रेड होल्ड बढाउछ।



## सीमान्तकृतको हकमा संविधान संशोधन हुनुपर्छ



**सीमा खान, महिला अधिकारकर्मी**

हामी खुशी थियौं कि संविधान निर्माण भएको छ। हामीलाई समानता प्राप्त हुन्छ। विगतमा जसको नेतृत्वमा हामी थियौं, त्यसको बराबरमा आइपुग्छौं। त्यो हुन सकेन। जे होस् संविधान बन्यो, जेजति कुरा त्यसमा समावेश हुनुपर्ने त्यो हुन सकेन। हामीले त्यसका लागि आवाज उठाई रहेका छौं। अहिले दुई दलले संविधान संशोधनको कुरा उठाएका छन्। ठिक छ, संविधान संशोधनको कुरा उठाउनु जायज हो। हामी पनि चाहन्छौं कि संविधान संशोधन होस्। समावेशीमा धेरै कुरा छुटेका छन्। ती सबैलाई समावेश गर्नुपर्छ। तर संविधानमा जति कुरा उल्लेख छन् त्यति पनि दिन चाहेको छैन भने संविधान संशोधनमा किन हातार ? के कुरामा संविधान संशोधन हुँदैछन् ती कुराको जानकारी हुनुपर्छ। संविधान निर्माणका लागि लड्यौं, संविधान निर्माण भइसकेपछि त्यसको संशोधनका लागि लड्यौं। संविधान सशोधनको विपक्षमा हामी छैनौं तर सीमान्तकृतको हकमा संविधान संशोधन हुनुपर्छ यदि त्यस्तो भएन भने हामी आन्दोलन गर्छौं त्यसका लागि सबै तयारी अवस्थामा रहनु पर्छ।

## सीमान्तकृति समुदायका लागि हुँदैन संविधान संशोधन

**कृष्ण ह्यातेछु, राजनीतिक विश्लेषक**



अहिले जुन संविधान संशोधनको कुरा हुँदैछ त्यसमा मधेशी, आदिवासी जनजाति, सीमान्तकृत समुदायको चाहना अनुसार संशोधन हुँदैन यो कुरा स्पष्ट छ। संविधान संशोधन गरेर वा चुनाव गराएर पनि सीमान्तकृत समुदायको चाहना पुरा हुँदैन। त्यसका लागि फरक ढंगबाट सोच्नै पर्ने हुन्छ। यो देशको साँचो जसको हातमा त्यसको शक्ति संसदमा दुई तहाई भन्दा बढी छन्। विगतमा पनि संविधान सशोधनको कुरा उठेकै हो। संविधान संशोधन भएन भने चुनावमा भाग लिँदैनौसम्मको कुरा भएको थियो। संविधान संशोधन भएन तर चुनाव भयो र त्यसमा सबै जनाले भाग पनि लिए। अहिले फेरि संविधान सशोधनको कुरा भइरहेको छ। त्यसमा म एउटै कुरा भन्छु सुतिरहेको बाघलाई उठाउने काम अहिलेका शासक वर्गले गरिरहेको छ। जुन विषयहरुमा संविधान संशोधनको कुरा उठेका छन्। यदि भोली गएर त्यो संशोधन भएर आयो भने एक प्रकारको असन्तुष्टि बढ्छ। मान्छेमा निराशा उत्पदन हुन्छ। त्यो निराशा जुनबेला पनि विष्फोट हुनसक्छ। तर त्यो मुभमेन्टलाई कसले हात पार्न नसकिने अवस्था रहेको छ। अहिलेको राजनीति दलबाट आन्दोलन फुत्किन सक्छ। मासलाई कसले नेतृत्व गर्छ त्यसमा भर पर्छ।

# धनमा संशय

का छन् । ती दुई दलको बिचमा भएको सात बुँदे सहमतिको बारेमा अनेक टिका टिप्पणी भइरहेका छन् । दुई दलको बिचमा के सहमति भएका छन् ही सन्दर्भमा मधेशीको हकहितका लागि अन्तराष्ट्रिय रुपमा गठन भएको मधेशी एकता समाजले असार २८ गते काठमाडौंमा ‘सम्भावित संविधान आयोजना गरेको थियो । प्रस्तुत छ, त्यो कार्यक्रममा व्यक्त विचारको सम्पादीत अंशः

## काँग्रेस र एमालेसँग जवाफ माग्नु पर्छ



**सुरेन्द्र चौधरी, नागरिक अभियन्ता**

मधेशी, थारुले उठाउँदै आएको संविधान संशोधनको कुरा अहिलेका यी दुई ठूला दलले पनि उठाएका छन् । मधेशी, थारुमाथि शब्द जाल फ्यालेका छन् । मधेशी, थारु, मुस्लिम, जनजातिले मागे अनुसार संविधान संशोधन गर्दिए भने धेरै नै राम्रो तर मलाई लाग्दैन कि यी समुदायको हकमा उहाँहरुले संविधान संशोधन गर्नुहुन्छ । बरु साना दललाई कसरी समाप्त गर्न सकिन्छ । थ्रेसहोल्ड १० प्रतिशत बनाइ दिए भने साना दल, सीमान्तकृतहरुको सबै दल समाप्त हुन्छ । तर मलाई विश्वास लाग्दैन कि उहाँहरुले संविधान संशोधन गर्नुहुन्छ । किनभने संविधान संशोधनको माग आदिवासी जनजाति, मधेशी, थारुहरुको हो । संविधान संशोधन गरियौं र यिनीहरुको माग सम्बोधन भएन भने यिनीहरुले बिद्रोह गर्न सक्छ भनि उहाँहरुलाई लाग्नसक्छ । अहिले मधेश र थरुहटका दलहरुले एजेण्डा सेटिङमा सहभागी नै भएका छैनन् र गठबन्धनलाई धमाधम समर्थन गरेका छन् । समर्थन गर्ने प्रतिस्पर्धामा हुनुहुन्छ । हेर्दै जानु होला ती दलहरुले मृत्युको पत्रमा हस्ताक्षर गर्न गइरहेका छन् । मधेशी दलहरुले यो गठबन्धनको विरोध गर्नुपर्थ्यो, अन्ध्यारो कोठामा गरिएको सम्झौताको विरोध गर्नुपर्थ्यो । बाहिर आएका सम्झौताको बुँदाहरुको बारेमा ती दुई ठूला दल काँग्रेस र एमालेसँग जवाफ माग्नु पर्छ ।

## लडाइ जित्नका लागि त्याग गर्नुपर्छ



**शिवराम यादव, संविधानसभा सदस्य**

तुलनात्मक रुपमा संविधानले सबैको सामनताको कुरा गरेका छन् । तर के त्यो व्यवहारमा लागु हुन्छ त ? महिलाको स्थिति के छ, व्यक्तिगत जीवनमा त्योसँग हामी कस्तो व्यवहार गर्छौ यस्ता धेरै कुरा छन् । संविधान अर्थात विधानमा उल्लेख कुरा र हाम्रो सँस्कृति बिच निकै ग्याप छ । त्यसले गर्दा हामी धेरै पछाडी परेका छौं । संविधान र संस्कृतिको बिचमा जुन खाडल छ त्यसलाई पुर्न आवश्यक छ । हामीमाथि जुन खालका जातीय विभेद त त्यो अन्त्य नभएसम्म जस्तोसुकै संविधान बने पनि त्यसलाई जति संशोधन गरेपनि केही हुँदैन । समाजमा सबभन्दा तल्लो तहमा छन् त्यसले जबसम्म मुक्ति पाउँदैन तबसम्म कसैको मुक्ति हुँदैन । हामी अहिले अधिकार प्राप्तिको संघर्षमा छौं । यस्तो संघर्ष निकै लामो हुन्छ । यो संघर्षको दौडमा हामी निकै छिट्टो नेता बन्न चाहन्छौं, सांसद बन्न चाहन्छौं, मन्त्री बन्न चाहन्छौं । संघर्ष र मन्त्री बन्नु दुवै एकपटक सम्भव छैन । यदि हामी आफ्नो अधिकार प्राप्तिको लडाईलाई सफल बनाउन चाहन्छौ भने केही त्याग गर्नैपर्छ ।

## आन्दोलनबाट सहिद जन्माउने काम भयो



**पुजा मिश्रा, कानुनको विद्यार्थी**

मधेशमा संविधान निर्माणका लागि पनि आन्दोलन भयो । पछि संविधान संशोधनका लागि पनि आन्दोलन भयो । तर आन्दोलनबाट न संविधान बन्यो न संविधान संशोधन भएन । त्यो आन्दोलनबाट एउटा काम भयो त्यो हो सहिद बनाउने कार्य । आन्दोलनबाट सहिद जन्माउने काम भयो तर अहिले ती सहिदहरु पनि अलपत्र छन् । राजनीतिक दलका अगुवाहरुले आन्दोलन गर्नका लागि आह्वान गरे । त्यो आह्वानको आधारमा आन्दोलन भयो र त्यसमा थुप्रै सहिद भए त्यसबाहेक त्यो आन्दोलनबाट केही प्राप्त हुन सकेन । अहिलेका तीन नेताहरुले ती सहिदको बारेमा बोल्न पनि चाहेका छैनन् । विभिन्न बहानामा भोट लिएर जितेर आउँछन् र आएपछि सबै कुरा बिर्सेका हुन्छन् । तर आश्वासन र प्रतिवद्धचता दिन बिर्सिदैन । दलका नेताहरुले संविधान संशोधनका लागि पटक पटक आश्वासन दिनुभयो । संशोधनका लागि ठूला दलसँग सहमति गरेर सरकारमा पनि गए । संविधान संशोधनकै नाममा पटक पटक सरकारमा गए तर आजसम्म संविधान संशोधन हुन सकेन । त्यसको जवाफ उनीहरुले दिनुपर्छ कि पर्दैन । उनीहरु भोट पनि सहिदको नामबाट नै जितेका हुन्छन् तर चुनाव जितेपछि एकपटक पनि ती सहिदलाई सोधखोज पनि गरेका हुँदैन ।

## विश्वको नक्सालाई परिवर्तन गर्ने अवाज उठाउनुपर्छ



**सिएन थारु, समाजिक अभियन्ता**

हाम्रो पुर्खा र समाजले दिएको ज्ञान र विचारप्रति म गर्व गर्छु । यदि त्यसमाथि कसैले हस्तक्षेप गर्दैन, त्यसलाई मेटाउने काम गर्दैन भने त्यो नै सबभन्दा उत्तम विचार हो किनभने त्यो हाम्रो पहिचान हो त्यसमा हामी गर्व गर्नुपर्छ । तर त्यसलाई मास्ने, त्यसलाई समाप्त गर्ने प्रयास परापूर्वकालदेखि हुँदै आएको हो । हरेक शासकले हाम्रो पहिचानलाई मेटाउने प्रयास गरेका छन् । यो अहिलेको संविधान हो कि विधान हो त्यसलाई परम्परा ढंगबाट व्याख्या गर्नुभन्दा भिन्न ढंगबाट सोच्ने बेला आएको छ । हामीमाथि विधानले होस् या संविधानले शासन त गरिरहेका छन् नि हामी त शासितको शासित नै रह्यौं । यसबाट मुक्त हुनका लागि फरक ढंगले सोच्ने कि नसोच्ने । पश्चिमाहरुले निर्माण गरेको एउटा भाष्यमा नै हामी अलमलि रहेका छौं । कम्तीमा त्यसबाट अब हामी मुक्त हुनुपर्छ । यदि आवश्यक पर्‍यो भने विश्वकै नक्सा परिवर्तनका लागि अवाज उठाउनुपर्छ । यदि विश्वको नक्सा परिवर्तन हुने अवस्था आयो भने यो नेपाल, चाइना र भारत सेन्टरमा आउँछन् । र अहिले त्यो सेन्टरमा उभिएको पनि छ । अब त्यो प्वाइन्टबाट सोच्ने बेला आइसकेको छ ।

## संविधानलाई कुनै पनि हालतमा स्विकार गर्न सकिदैन



**राकेश मिश्र, समाजिक अभियन्ता**

संविधान संशोधनका लागि प्रयोग भइरहेको संशोधन शब्द नै मलाई राम्रो लाग्दैन । किनभने बहुमतीय प्रकृयाले मधेशी, थारु, आदिवासीले भनेको जस्तो संविधान संशोधन हुन्छ भने कल्पना नगरे हुन्छ । संविधान अस्विकार भएको कारणले नै मैले चुनावलाई बहिष्कार गर्दै आइरहेको छु । संविधानको रुप, सार, अन्तरवस्तु कुनै पनि कुरालाई म मान्न सक्दिन त्यही भएर चुनावलाई बहिष्कार गर्दै आइरहेको छु । संविधान निर्माण प्रकृयालाई नै हेर्नुभयो भने यो संविधान कति त्रुटीपूर्ण छ, कति काम नलाग्ने छन् भने कुरा प्रष्ट हुन्छ । २०७२ मा जुन प्रकृयाबाट संविधान आयो, त्यो हेर्दा त यो संविधानलाई कुनै पनि हालतमा स्विकार गर्न सकिदैन । संविधान जारी भएको दिन मधेशीले सहादत दिएका छन् । संविाधन निर्माण रोक्नका लागि आफ्नो रगत बगाए तैपनि जवर्जस्ती संविधान निर्माण गर्ने काम भयो । त्यो संविधानलाई कसरी स्विकार गर्ने, म त कुनै पनि हालतमा स्विकार गर्न सक्दिन । जुन संविधान मधेशीलाई हत्या गरेर ल्याएको हो त्यो संविधानलाई यदि हामीले स्विकार गरेका छौं भने मधेशसँग हामी पनि गद्दारी गरेका छौं । यदि हामी संविधान मान्दैनौ भने त्यो संविधानको आधारमा भइरहेको चुनावलाई हामीले बहिष्कार गर्नुपर्छ । हामीले एकपटक चुनावलाई बहिष्कार गर्न सक्यौ भने अरुले यसको बारेमा सोच्न र बोल्न बाध्य हुन्छ ।

## संविधान संशोधन प्रगतिशिल हुनुपर्छ



**डा.बबी सिंह, नेपाल संयोजक, मधेशी एकता समाज**

एकातिर हामीले संविधानको विरोध पनि गर्छौ अर्कोतिर त्यही संविधान अनुसार हामी हरेक काम गरिरहेका हुन्छौं । त्यहीं संविधान अनुसार कोही सांसद बन्छन्, कोही मन्त्री बन्छन्, अन्य अन्य पदमा जान्छन् । आम जनताले पनि दैनिक रुपमा त्यही संविधान अनुसार आफ्नो दिनचार्यामा हुन्छन् । अर्थात एकातिर त्यसको विरोध पनि गर्ने अर्कोतिर त्यसैको कसम खाएर लाभका पदमा जाने यो कन्फ्युज किन ? संविधान संशोधन हुनुपर्छ तर प्रगतिशिल तरिकाले हुनुपर्छ । अब संविधान संशोधन गर्दा प्रतिगमनतिर होइन, अग्रगमनको पक्षमा गर्नुपर्छ । मधेशीले जे जति अधिकार पाएका छन् त्यसमा कटौती हुनुहुँदैन बरु थप अधिकार कसरी पाउन सकिन्छ, पाएका अधिकारलाई कसरी सुरक्षित गर्न सकिन्छ त्यसमा ध्यान दिन जरुरी छ । यदि संविधान संशोधन गरेर मुलुकलाई पछाडि फर्काउने कुरा भयो भने त्यसका लागि आन्दोलन गर्न पनि तयार रहनु पर्छ । संविधानमा जति पनि विभेदयुक्त कुराहरु छन् त्यसलाई हटाउन वा संशोधन गर्नका लागि अरु कुनै उपाय छैन एक उपाय भनेको सडक आन्दोलन हो । त्यो सडक आन्दोलनका लागि एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

# विनोद र कैलाशले प्रचण्डलाई एकसाथ थ्रेट दिएपछि

काँग्रेसको साथ छाडेर केपी शर्मा नेतृत्वको एमालेसँग गठबन्धन गर्नुभएका तत्कालिन प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले वामगठबन्धन लामै जान्छ र अन्तिमसम्म सहकार्य हुन्छ तर हेर्दाहेर्दै सबैथोक यसरी एकै पटक ढल्छ भनि उहाँले कल्पनासम्म पनि गर्नुभएको थिएन । एमालेका अध्यक्ष एवं हालका प्रधानमन्त्री केपी शर्मा ओलीले बालुवाटारमा बसेर सत्ता ढालेको समेत थाह नपाउने प्रचण्डले आफ्नो सत्ता विभिन्न षड्यन्त्रपूर्वक ढालिएको गुनासो गरिरहनु भएको छ । उहाँले त देशका बिचौयाहरुले गठबन्धन भत्काएर सरकार ढालेको गुनासो समेत गर्नुभएको छ ।

बिचौलियामा उहाँले मिडिया मालिक रामेश्वर थापा र कैलाश सिरोहिया तथा उद्योगपति एवं सांसद विनोद चौधरीलाई राख्नुभएको छ । प्रचण्ड प्रधानमन्त्री रहेकै बेला २०८० चैतमा बाँसबारी छाला जुत्ता जग्गाको विषयमा विनोद चौधरीसँग प्रहरीले बयान लिएको थियो । त्यो बयानपछि विनोद चौधरी सरकारमाथि निकै आक्रोशित हुनुभएको थियो । उहाँले प्रधानमन्त्री प्रचण्डलाई भेटेर आक्रोशित हुँदै विनोद चौधरीले भन्नुभएको थियो, 'यो राम्रो भएन, जे गर्नुभयो त्यो ठिक गर्नुभएन, तपाई सत्ता जोगाउनुमा लाग्नुस् म एक साताभित्र तपाईको यो सरकार ढाल्दिन्छु ।' आक्रोशित भएर दिएको यो धम्कीलाई प्रधानमन्त्री प्रचण्डले त्यतिबेला हल्का रुपमा लिनुभएको थियो । विनोद चौधरीलाई शान्त हुन भन्नुभएको थियो । कानुनी कुराहरु सम्झाउने प्रयास गर्नुभएको थियो तर प्रचण्डको एक पनि नसुनि बालुवाटारबाट बाहिरिएर उहाँ त्यसको भोलीपल्ट दिल्ली पुग्नु भएको थियो ।

दिल्लीमा केही समय बिताएर विनोद चौधरी फर्केपछि नेपालको राजनीतिमा केही नराम्रा संकेतहरु देखा पर्न थालेका थिए । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डका तत्कालिन सचिवालयका एक जना सदस्यले भन्नुभयो, 'सरकार ढाल्ने धम्की दिएर भारत जानु भएका विनोद चौधरी नेपाल फर्केपछि पनि विभिन्न माध्यमबाट प्रधानमन्त्री सन्देश पठाई रहनु हुन्थ्यो सरकारको आयु लामो छैन र उहाँले यसो भनेपछि विभिन्न संकेतहरु देखा परिरहेको थियो ।' यो घटना परिघटना अगाडि बढी रहेकै बेला कान्तिपुरका मिडिया मालिक कैलाश सिरोहिया २०८१ जेठ ८ गते पक्राउ पर्नुभएको थियो । नागरिकताको मुद्दामा उहाँ आफ्नो कार्यकक्षबाट नै पक्राउ पर्नुभयो । त्यो कुराले पनि निक्कै हंगामा भएको थियो ।

सिरोहियालाई जनकपुर लगेर मुद्दा चलाइएको थियो, त्यसमा लामो बहस चलेको थियो । एक हप्तापछि सरकारी वकिल कार्यालयले हाजरी जमानीमा उहाँलाई रिहा गरेको थियो । कैलाश रिहा भएर आएपछि प्रधानमन्त्री प्रचण्डलाई विनोद चौधरी जस्तै धम्की दिनुभएको थियो । उहाँले पनि यो सरकार लामो समय जाँदैन, ढाल्दिने धम्की दिनुभएको थियो । प्रचण्डका सचिवालयका एक सदस्यका अनुसार सिरोहियाले एक पटक आफै भेटेर कुराकानी गर्नुभएको थियो भने त्यसबाहेक अरु अरुबाट पनि त्यस्तो धम्की आउन थालेका थिए । त्यसपछि सरकारको विरुद्धमा विभिन्न गतिविधि सुरु भएको थियो । हिमाल खबरका मालिक कनकमणी दिक्षितको संयोजनमा पाटनमा मिडिया मालिकहरुको एउटा बैठक बसेको थियो र सो बैठकले जसरी पनि प्रचण्ड नेतृत्वको सरकार ढाल्ने योजना बनाउनु भएको थियो । सोही योजना मुताविक रामेश्वर थापालगायतका मिडिया मालिकहरु सक्रिय हुनुभएको प्रचण्डका सचिवालयका अधिकारीहरु दावी गरेका छन् ।

अमेरिका निकटका विभिन्न संघ संस्थाहरु सक्रिय भएका थिए । कहिले रामेश्वर थापाको घरमा त कहिले विनोद चौधरीको होटलमा त कहिले कसको घरघरमा बैठकहरु हुन थालेका थिए । यी सब कुराको जानकारी तत्कालिन प्रधानमन्त्री प्रचण्डलाई पनि थियो तर उहाँले आफ्नै एजेन्सीमाथी विश्वास गर्नुभएको थिएन । आखिर विनोद चौधरी र कैलाश सिरोहियाले दिएको धम्की पुरा भयो । प्रचण्डको सचिवालयमा रहेर काम गर्नुभएको एक अधिकारीले भन्नुभयो, ' प्रधानमन्त्री प्रचण्ड सिरोहियालाई पक्राउ गराउने पक्षमा हुनुहुन्थेन । प्रचण्डले प्रहरी प्रमुखलाई भनेर सिरोहियालाई नसमात्न पटक पटक भन्नु भएको थियो त्यही भएर प्रहरी सिरोहियाको अफिसमा जाने र आउने गर्थे ।' तत्कालिन गृहमन्त्री रवि लामिछानेले सिरोहियालाई समात्न भन्नुहुन्थ्यो भने प्रचण्डले नसमात भन्नु हुन्थ्यो । त्यसपछि प्रहरी प्रमुखले तत्कालिन गृहमन्त्री लामिछानेलाई भन्नुभएको थियो 'प्रधानमन्त्रीले भनेपछि मात्र सिरोहियालाई समात्छौं ।' त्यसपछि मात्र तत्ककालिन गृहमन्त्री लामिछाने प्रचण्डलाई भेटेर अदालतको कागज देखाउँदै सिरोहियालाई पक्राउ गर्न अनुमति लिनुभएको थियो । तर सिरोहियाले त्यसको बदला सिर्फ प्रधानमन्त्री प्रचण्डसँग मात्र लिनुभयो ।

# सुरसण्ड घटनाले भरतमाथि पार्टी भित्रैबाट प्रहार

मधेस प्रदेश माओवादी केन्द्रका बहुमत सांसदले संसदीय दलको नेता भरतप्रसाद साहलाई पदबाट हटाउन प्रदेश सभाको संसदीय दलको कार्यालयमा अविश्वासको प्रस्ताव दर्ता गराउनु भएको छ । माओवादी केन्द्रका केन्द्रीय सदस्य समेत रहनु भएका साह मधेश प्रदेशमा पार्टीहित विपरित गलत गतिविधि गरेको दावीसहित प्रदेश सभा माओवादी संसदीय दलमा सो प्रस्ताव दर्ता गराउनु भएको हो ।

माओवादी केन्द्रका नौ जना सांसदमध्ये ६ जनाले हस्ताक्षर गरी सो प्रस्ताव दर्ता गराउनु भयो । यसरी प्रस्ताव दर्ता गराउनेमा संसदीय प्रमुख सचेतक फकिरा महतो, प्रदेश सभासदस्यहरु जवाहर कुशवाहा, राजी हैदर, सुनिता यादव, माला कुमारी कर्ण र रहबर अन्सारी रहनु भएको छ । प्रदेश सभा सदस्य रहबर अन्सारीले आफूहरुले उपनेता समिर भट्टराईलाई सो प्रस्ताव बुझाई सकेको र उहाँले प्रमुख सचेतक महतोलाई आवश्यक कार्यवाही अगाडि बढाउन भनिसकेको बताउनुभयो ।

दलको सम्पूर्ण सदस्य सँख्याको कम्तीमा एक चौथाइ सदस्यले दलको नेतामाथि दलको विश्वास छैन भनी लिखित रूपमा प्रस्ताव दर्ता गराउन सकिने संसदीय दलको विधानमा उल्लेख छ । सोही अुनसार प्रकृया अगाडि बढेको छ । उपनेता समिर भट्टराईले १५ दिनभित्र बैठक बोलाउन निर्देशन समेत दिइससक्नु भएको छ । उहाँहरुले दलका नेता साहमाथि गुटबन्दी गरेको आरोप लगाउनु भएको छ । आफू मुख्यमन्त्री बन्नका लागि माओवादीकै गठबन्धन सरकार ढाल्न भारतको सुरसण्डमा प्रदेशका सांसदहरुलाई लगेर बैठक गरेको आरोप पनि उहाँमाथि लगाइएको छ । हस्ताक्षरकर्तामध्येका सांसद रोहवर अन्सारीले नेता साह सुरुदेखि नै पार्टीभित्र गुटबन्दी गरेको र अर्थमन्त्री भएपछि व्यापक अनियमितता गरेको आरोप रहेको बताउनुभयो । बजेट निर्माण गर्दा पार्टीका कुनै पनि सांसद कुरा नसुनेको, कसैसँग कुनै राय सल्लाह नलिएको आरोप पनि उहाँमाथि छ ।

पिएलएमबिआइएस सिस्टममा कर्मचारीले ह्याक गरेको अभिव्यक्ति पनि अर्थ मन्त्री रहेकै बेला नेता साहले दिएको बताउँदै प्रदेश सभा सदस्य अन्सारीले आफै अर्थ मन्त्री भएको बेला सिस्टमलाई कसले ह्याक गर्छ त्यसको जिम्मेवारी स्वयं उहाँले नै लिनुपर्ने बेला कर्मचारीमाथि दोष थुपारेको पनि गुनासो गर्नुभयो ।









# मनिषाले कसरी लुकाइन रक्सी पिउने कुरा



अभिनेत्री मनिषा कोइराला सञ्जय लीला भन्सालीको सिरिज हीरामण्डीमा मल्लिकाजानको भूमिका निर्वाह गरेर चर्चामा छिन् । हालै नायिकाले आफ्नो करियरको सुरुवाती दिनको बारेमा कुरा गरेकी छिन् । त्यतिबेला नायक-नायिकाका लागि फरक-फरक नियम हुने गरेको अभिनेत्रीले बताइन् । यदि नायकको धेरै केटीहरूसँग सम्बन्ध थियो भने, उसलाई माचो भनिन्थ्यो, तर नायिकाहरूलाई उनीहरूको सम्बन्ध गोप्य राख्न भनिन्थ्यो ।

अभिनेत्रीले रक्सी पिउने विषयलाई पनि लुकाएर राख्नुपर्ने भन्दै मानिसहरूले यो अभिनेत्रीलाई सुहाउँदैन भन्ने गरेको पनि बताइन् । कोइरालाले हालै फिल्मफेयरलाई दिएको अन्तर्वार्तामा भनिन्, 'फिल्म सौदागरको छायांकनका क्रममा म कोकमा भोड्का मिसाएर पिइरहेको थिएँ । यसैबिच, म रक्सी पिउँदैछु भनेर कसैलाई नभन्नु, किनभने यो अभिनेत्रीलाई सुहाउँदैन भन्ने कुरा मलाई वरपरका केही व्यक्तिले भने । म कोक मात्र पिउँदै छु भनेर सबैलाई बताउन भनियो । त्यो दिन मैले यो नयाँ कुरा सिके ।'

अभिनेत्रीले थप भनिन्, 'मैले यो कुरा मेरी आमालाई सुनाएँ । यसको जवाफमा उहाँले भन्नुभयो, 'सुन, यदि तिमी रक्सी पिउँदै छौं भने रक्सी पिउँदै छु भन, कोक पिउँदै छु नभन । यस्ता स-साना कुरामा झुट नबोल ।' कोइरालाले पनि आफूलाई कुनै पनि सम्बन्ध लुकाउन मन नलागेको भएपनि मानिसहरुले आफ्नो सम्बन्ध गोप्य राख्न सुझाव दिने गरेको पनि बताइन् । उनले भनिन्, ' यदि म कसैलाई डेट गर्दैछु भने म डेट गर्दैछु । यदि तपाईं मलाई यसमा जज गर्न चाहनुहुन्छ भने, अवश्य पनि अगाडि बढ्नुहोस् र जज गर्नुहोस् । म यस्तै छु, आफ्नो इच्छा अनुसार जिउने छु । अभिनेत्रीले भनेकी छिन्, 'त्यतिबेला मैले निकै आलोचना पनि भोग्नुपरेको थियो किनभने नायकको धेरै गर्लफ्रेन्ड हुनसक्ने भएकाले र उनलाई माचो भनिन्थ्यो, तर अभिनेत्रीले आफूलाई कसैले छोएको पनि छैन भनेर भन्नुपर्थ्यो ।'

यसप्रति आक्रोश व्यक्त गर्दै मनिषाले भनिन्, 'मेरो ब्वायफ्रेन्ड छ, यसको मतलब म जीवनमा अनप्रोफेशनल छु भन्ने होइन । त्यतिबेला अभिनेत्रीहरूका लागि धेरै जटिल मापदण्डहरू थिए, जुन मलाई ठिक लाग्दैनथ्यो ।' मनिषा कोइरालाले सन् १९९१ मा सुभाष घई निर्देशित फिल्म सौदागरबाट अभिनयमा डेब्यु गरेकी थिइन् । त्यसपछि उनी गुप्त, दिल से, अकेले हम अकेले तुम जस्ता फिल्ममा काम गरिन् ।

# 'जय गहवामाई' सार्वजनिक

सुप्रसिद्ध धार्मिक स्थल वीरगञ्जको माइस्थानस्थित गहवामाई मन्दिरको विषयमा बनेको गीत सार्वजनिक भएको छ । गायक तथा संगीतकार सञ्जु अमात्यको शब्द, संगीत तथा आवाजमा सजिएको 'जय गहवामाई' बोलको गीत असार २३ गते सार्वजनिक भएको छ ।

गहवामाई मन्दिर परिसरमा एक कार्यक्रम गरेर गायक तथा संगीतकार अमात्यसँगै वरिष्ठ संगीतकार गणेश परियारले गीतको विमोचन गरेका हुन् । गीतमार्फत उनले गहवामाई प्रतिको आस्था र यसको धार्मिक महत्वलाई चित्रण गरेका छन् । गीत विमोचन कार्यक्रमका अवसरमा बरिष्ठ पत्रकार राजु श्रेष्ठले गहवामाई मन्दिरलाई गीतमार्फत चिनाउने अमात्यको प्रयासको प्रसंशा गरे । वीरगञ्जका धार्मिक तथा प्राकृतिक एवम् ऐतिहासिक स्थलहरुको बारेमा संगीतमार्फत पर्यटन प्रबर्द्धन गर्नुपर्नेमा उनले जोड दिए ।

वीरगञ्जको गहवामै जन्मिएर वीरगञ्जमै हुर्किएका गायक अमात्य राष्ट्र व्यापी रुपमा परिचित गायक हुन् । उनले वीरगञ्जलाई गीत संगीतमार्फत प्रचारप्रसार गर्दै आएका छन् । वीरगञ्जको शंकराचार्य गेट, घण्टाघर, भिस्वा डाँडा, गहवामाई मन्दिर, घडिअर्वा पोखरी लगायतका स्थानलाई समेटेर 'मेलामा घुमाउँछु आइसक्रिम खुवाउँछु' बोलको अमात्यकै गीत पनि बहुचर्चित छ ।

नेपाली चलचित्र 'अग्नि ज्वाला' चलचित्रमा समावेश गरिएको उक्त गीतले वीरगञ्जलाई चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । म्युजिक सिटी स्टुडियोमा रेकर्ड भएको 'जय गहवामाई' गीतको एरेञ्ज राजिब शाहले गरेका हुन् भने प्रकाश मान श्रेष्ठले रेकर्ड गरेका हुन् ।

**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३१*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं ।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९

**वडा कार्यालयको अपिल**

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

प्रोफाइल

# पूर्व नगरप्रमुख मुनि साहको कृषिमा सक्रियता



◆जीवछ यादव

लहान नगरपालिका देशैभरीमा सबैभन्दा बढी २४ वडा भएको नगरपालिका हो । यो नगरपालिका अब उपमहानगरपालिका बन्नुपर्छ भने आवाज उठिरहेको छ । उपमहानगरपालिकाको लागि चाहिने मापदण्ड पुग्नै लागेको लहान नगरपालिकाको विकास र समृद्धिको लागि हरेक राजनीति दलहरुको जन प्रतिनिधिहरुको र सामाजसेवीहरुको योगदान रहेको छ । त्यसमा विकासप्रेमी मेयरको रुपमा मुनि साहको नाम अग्रपक्तिमा आउने गर्दछ । सम्पन्न परिवारमा हुर्किनु भएको पूर्व नगरप्रमुख साह युवा अवस्थामा एक सफल व्यवसायी हुनुहुन्थ्यो । लहानको मुख्य चोकमा  विशाल होटेल सञ्चालनमा ल्याउनु भएको थियो ।

दुई छोरा दुई छोरीको पिता रहनु भएको उहाँ कम बोल्ने काम बढी गर्ने र लिएको अडानबाट पछि नहटने उहाँको मुख्य चरित्र नै रहेको छ । उहाँ २०५४ र २०७४ सालको स्थानीय चुनावमा दुई पटक निर्वाचित नगरप्रमुख हुनुहुन्छ । २०४९ सालको निर्वाचनमा नगरप्रमुखमा स्वतन्त्र उम्मेदबार भएर सम्मानित मत ल्याउनु भएका उहाँ २०५४ मा नेकपा एमालेबाट निर्वाचित नै हुनुभएको थियो । २० वर्षपछि निर्वाचन हुँदा पनि उहाँले गरेको कामलाई मूल्याङकन गरेर २०७४ सालमा उहाँ फेरि लहान नगरपालिकाको नगरप्रमुखमा निर्वाचित हुनुभयो । २०७९ को निर्वाचनमा नेकपा एमाले बाहेक अरु दलहरु गठबन्धन गरेपछि पराजित हुनुभयो । पराजित भए पनि जनताको सेवामा राजनीति यात्रामा एक अथक नेताको रुपमा मुनि साहको अलगै पहिचान रहेको छ ।

उमेरले ७० वर्ष पुगेको पूर्व नगरप्रमुख मुनि साह लगभग एकवर्ष अस्वस्थ्य रहेर सघन उपचारमा रहनुभयो । उहाँ अस्वस्थ्य भएर स्वास्थ्य लाभको लागि उपचार गराइरहँदा उहाँको समर्थकहरुले कति ठाउँमा भाकल गरे । उहाँको स्वास्थ्यलाभको कामना गर्नेहरुको लर्को हेर्दा उहाँ जनसमुदायमा कति भिज्नु भएको नेता हुनुहुन्छ भने प्रष्ट देखियो । उहाँको निवास लहान-५ मा पुगेर वर्तमान नगरप्रमुख महेश प्रसाद चौधरीदेखि लिएर सर्वसाधारण नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली समेत स्वास्थ्य लाभको कामना गर्न उहाँको निवाससम्म आइपुग्नुभयो । अहिले उहाँ पूर्ण रुपमा स्वस्थ भएर राजनीति र आफ्नो व्यसायमा सक्रिय रहनु भएको छ ।

**रुटिनमा हिड्ने बानी**

भनिन्छ दृढ विचार र समयलाई सदुपयोग गर्ने व्यक्ति आफ्नो जीवनमा सफल हुने गर्दछ । यही पात्रको रुपमा उहाँलाई लिन सकिन्छ । विहान नियमित व्याम समयमा चिया नस्ता र विहानको समयमा आफ्नो निवास लहान -५ मा सर्वसधारण दलका नेता कार्यकर्तालाई भेट्ने कार्यालय नै सञ्चालन गर्दै आइरहनु भएको छ । कसले के भन्छ भन्दापनि आफूले के गर्नुपर्छ भने मान्यतामा सधैं अडिग रहनु हुने नेताको रुपमा छवि बनाउनु भएको छ । नगरप्रमुख हुँदा विहान आफ्नो निवासमा भेटघाट गर्ने उहाँको नियमित रुटिनमा पर्दथ्यो भने नगरपालिकामा कर्मचारी भन्दा पनि पहिले पुग्ने कार्यालय समय सकेपछि घर पर्किने फेरि बेलुका एक दुई घण्टा नेता कार्यकर्ता तथा नगरवासीसँग भेट्ने विहानदेखि बेलुकासम्म नगरपालिकाकै कार्यमा समय बिताउनुहुन्थ्यो । आफ्नो पेशा र व्यवसायमा खासै समय दिन सक्नुहुनथिएन । २०७९ सालको निर्वाचनमा पराजित भएपछि उहाँ लहान-९ मा एकिकृत कृषि फार्म सञ्चालन गरेर राजनीति र कृषि फार्मलाई सञ्चालन गरिरहनु भएको छ । जे गर्दापनि लगनशील भएर गर्ने अरुभन्दा फरक किन नगर्ने धारणा राख्नु हुने पूर्व नगरप्रमुख सार्वजानिक कार्यहरुमा नगरवासीसँग सधैं पहिलेपनि भन्ने गर्नुहुन्थ्यो अहिलेपनि भन्नेगर्नुहुन्छ । सही मन बचनले आफ्नो समाज र देशको विकास गर्न संकल्प लिएर संकल्पलाई कसरी व्यवहारमा उतार्ने ? यसतर्फ सदा तत्पर रहनुपर्छ । उहाँसँग यतिवेला पत्रकारहरु भेट्दा भन्नुहुन्छ, 'आफू निर्वाचनमा पराजित भएपनि वर्तमान नगरप्रमुखले लहानको समृद्धि र विकासको लागि राम्रो कार्य गर्दा मेरो साथ छ । तर भएका कामहरुलाई पछि बिगारेर बजेटलाई जथाभावी खर्च गर्दा मैले खुल्लेआम सडकमा आएर विरोध नगरे पनि मन पोलिरहेको हुन्छ ।'

उहाँले भनिरहने  एउटा कुरा बहुत घतलाग्दो भनाई जो आफू कर्म गर्दैन, उसले अर्काको निन्दा गर्नुलाई नै धर्म ठान्छ । तसर्थ, आफू आत्मनिर्भर केही न केही उत्पादनमुलक कार्यमा रुटिन अनुसार समयको सदुपयोग गर्नुपर्छ । दुई दर्जन गाई, बाख्रा कुखुरा परेवा र माछा पालन गरेर नमूना फार्म सञ्चालन गरेर फार्ममा काम गर्ने कामदारहरुसँग नियमित मध्यान्ह दुई बजेदेखि पाँच बजेसम्म समय बिताएर फार्मलाई ब्यवस्थित र राजनीतिलाई मजबूत बनाउने योजनामा लागि रहनु भएकोछ पूर्व नगरप्रमुख मुनि साह ।

**मुटुमा लहान**

झण्डै तीन दशकदेखि लहान नगरपालिकाको राजनीतिमा सक्रिय पूर्व नगरप्रमुख मुनि साह नेकपा एमालेको राष्ट्रिय प्रतिनिधि परिषदको सदस्य हुनु भएको छ । दुई पटक नेकपा एमालेबाट नगरप्रमुखमा निर्वाचित हुनु भएको साह एक पटक दोस्रो संविधान सभामा नेकपा माओवादी केन्द्रबाट संविधानसभामा उम्मेदबार हुँदा थोरै मतले पराजित हुनु भएको थियो ।

बाँकी पृष्ठ १२ मा

# खेल र साहित्यलाई एक साथ हुर्काउने अशोक दत्त

बहुप्रतिभाशाली अशोककुमार दत्त अचेल क्यान्सर रोगसँग जुधि रहनुभएको छ । जनकपुरधाम उपमहानगरपालिका-९ निवासी ५५ वर्षीय बहुप्रतिभाशाली दत्त पछिल्लो चार महिनादेखि मुखको क्यान्सरको उपचार गराइरहनुभएको छ । २०८० फागुन ५ देखि मुख क्यान्सरको उपचार सुरु गर्नुभएको उहाँको फागुन १० गते काठमाडौंस्थित नेपाल क्यान्सर एन्ड रिसर्च सेन्टरमा शल्यक्रिया गरिएको छ । क्यान्सर चौथो अवस्थामा पुगेकाले शल्यक्रिया गरिएको हो । सरकारले दीर्घरोगीको उपचारमा आर्थिक सहयोग गर्दै आएको छ तर रोग अनुसार त्यो सहयोग भने पर्याप्त नभएकाले दत्त परिवार आर्थिक सहयोगको अपेक्षामा छ । उहाँको उपचारका लागि अहिलेसम्म करिब २५ लाख रुपियाँ खर्च भइसकेको दत्तको श्रीमती रेणु दत्तले जानकारी दिनुभयो ।

मैथलीमा गीत/सङ्गीत, साहित्य लेखन, पत्रकारिता क्षेत्रमा अब्बल मानिने दत्त क्रिकेटमा पनि अलराउन्डर खेलाडी हुनुहुन्छ । मैथली भाषामा विभिन्न कृति प्रकाशित रहेको दत्त आफ्नो घरको घरमुली हुनुहुन्छ । घरपरिवारको गर्जो टार्ने, छोराको पढाइलेखाइ गराउनेलगायतको जिम्मेवारी उहाँले समाल्दै आउनुभएको थियो । श्रीमती रेणु दुःखेसो पोख्नुहुन्छ, "ठोस आर्थिक आयस्रोत छैन । अहिलेसम्म उपचारमा करिब २५ लाख रुपियाँ खर्च भइसक्यो । १० लाख रुपियाँभन्दा बढी ऋण पनि थपिइसक्यो । डाक्टरले यही असारमा फेरि चेकजाँच (फलोअप) का लागि बोलाउनुभएको छ । खर्च कति लाग्छ, ठेगान छैन, पैसा कहाँबाट कसरी जोहो गर्ने चिन्ताले सताइरहेको छ ।" दत्तले सामाजिक प्रतिष्ठा



कमाए पनि पैसा कमाउन नसक्दा उपचारमा समस्या परेको उहाँको भनाइ छ । मधेश प्रदेश सरकारले स्थापना गरेको चलचित्र तथा लोकसञ्चार प्रवर्धन बोर्डका सदस्यसमेत रहेका दत्तको थप उपचारका लागि विभिन्न सङ्घ संस्था, शुभेच्छुक, इष्टमित्रलगायत सबैमा हार्दिक अपिल पनि गर्नुभएको छ । चार दर्जनभन्दा बढी सङ्घ संस्थाले सम्मानपत्र, कदरपत्रबाट सम्मानित गरिसकेको दत्तको मैथिली गीतसङ्ग्रह 'राग तान' पुस्तक निकै चर्चित छन् । क्रिकेट खेलमा अलराउन्डर प्रदर्शनका क्रममा राष्ट्रियस्तरमा गोल्ड तथा सिल्भर मेडल जित्दै अब्बल दर्जाका क्रिकेटरका रूपमा पहिचान बनाएकै कारण दत्तले जनकपुर चुरोट कारखानामा जागिर पाउनुभएको थियो । अहिले उहाँ खेल र जागिरमा हुनुहुन्न । पत्रकारिता र साहित्य लेखनमा सक्रिय भएर जनकपुरधामको सामुदायिक रेडियो जानकी एफएममा समेत काम गर्नुहुन्थ्यो ।

**खेल छाड्नुको कारण**

दुई दशक अघिसम्म जनकपुरधामको क्रिकेट र फूटबल टिमसँग राष्ट्रिय टिमले समेत कयौं पटक पराजय भोग्नु पर्थ्यो । तर यो सबै जनकपुरधामको खेल इतिहासमै सीमित भइसकेको छ । जनकपुरधामको खेल जगतलाई चम्काउने मध्येका एक हुनुहुन्छ ।  साहित्यकार एवम् पत्रकार अशोककुमार दत्त । उहाँ कुनै समय अब्बल दर्जाका क्रिकेटरको रूपमा चिनिनुहुन्थ्यो । क्रिकेटमा धारिलो बलिङ गर्न खप्पिस रहेकाले दत्तलाई जचुकालिले जागिर नै दिएको थियो । साहित्यमा अभिरुचि राख्नुका साथै खेलमा पनि उत्कृष्ट प्रदर्शन गर्ने भएकाले जचुकालिले जागिरमा राखेको त्यो दिनलाई स्मरण गर्दै दत्त भन्नुहुन्छ, 'शुरुमा बलरको रूपमा जनकपुर अञ्चलको टिममा स्थान पाएको थिएँ, पछि ब्याटिङमा समेत सुधार ल्याएपछि अलराउण्ड प्रदर्शन गरेर कयौंपटक आफ्नो टिमलाई राष्ट्रिय स्तरमा गोल्ड मेडल तथा सिल्भर मेडल जिताउन सफल भएको थिए ।'

जचुकालिले जागिर दिएका कारण साहित्यलेखन त खुबै गर्थे, साथै क्रिकेटमा सुधार ल्याउन निकै मेहनत दत्त बताउनु हुन्छ । बहुदलीय प्रजातन्त्र आउँदा उहाँ निकै खुशी हुनुहुन्थ्यो । तर, एक खेलाडीको रूपमा आफ्नो अवशान त्यहींबाट शुरु भएको उहाँको भनाइ छ । २०४६ सालमा बहुदलीय प्रजातन्त्र आएपछि जचुकालिमा समेत खिचातानीको राजनीति शुरु भयो । खेलाडीहरूसँगको सम्झौता एक पछि अर्को गर्दै तोड्न थालिएको थियो । 'वर्ष २०५० को कुरो हो- राजविराजमा देशभरका टिम सहभागी थिए । म पनि जनकपुर अञ्चल टिमबाट ! टिमले सो उपाधि हासिल गर्न सफल पनि भयो,' दत्तले भन्नुभयो, 'सो प्रतियोगिता जितेपछि मैले म सँग रहेको क्रिकेटको बल, प्याडका साथै अन्य सामाग्रीहरू आफ्ना जुनियर खेलाडीहरूलाई दिइहालें ।'

क्रिकेट छोड्नुको मूल कारण आफ्नो खेलको स्तर खस्केको नभइ सरकारी उदासीनता र खेलमा भविष्य सुरक्षित नदेख्नु रहेको उहउाँले बताउनुभयो । 'त्यसैले चाहँदा न चाहँदै पनि क्रिकेट छोड्न बाध्य भएँ,' उहाँले थप्नुभयो । क्रिकेट करियबाट पूर्ण विराम लगाएपछि उहाँले साहित्य लेखन र पत्रकारितालाई निरन्तरता दिने निधो गर्नुभयो । खेल छोडेपछि पछिल्ला लामो समयसम्म पत्रकारिता गरेका उहाँ अहिले क्यान्सर रोगसँग जुधिरहनु भएको छ ।

# किसानले परिचयपत्रका आधारमा मात्र पाउछन् सुविधा

किसानले यो चालु आर्थिक वर्षदेखि किसान परिचयपत्रको आधारमा सरकारबाट सेवा सुविधा पाउने भएको छ। करिब २० किसान सुचिकृत भइसकेका छन्। उनीहरुलाई वर्गीकरण गरी किसान कार्ड उपलब्ध गराउने सरकारको तयारी रहेको छ। त्यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो चालु आर्थिक वर्षमा २५ वटा स्थानीय तहबाट यो कार्य सुभारम्भ गर्ने तयारी गरेको छ।

कृषि मन्त्रालयका सहसचिव प्रकाश सञ्जेलका अनुसार हालसम्म २० लाख किसान सुचिकृत भइसकेका छन्। त्यसमध्ये सात वटै प्रदेशका २५ वटा स्थानीय तहमा पूर्ण रुपमा किसान सूचीकृत भइसकेका छन्। सूचीकृत भइसकेका पालिकाबाट नै किसान परिचयपत्र लागु गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो।

सहसचिव सञ्जेलले भन्नुभयो, 'अगामी आर्थिक वर्षदेखि २५ वटा स्थानीय तहमा किसान बर्गीकरण गरी परिचयपत्र वितरण गर्नेछौं र त्यो परिचयपत्र वितरण हुन्छ। त्यसबाट परिचयपत्रले राम्रो काम गर्छ कि गर्दैन, सेवा सुविधा लगायतको विषयमा परीक्षण गर्छौं।'

परिचयपत्रमा दिएको क्युआर कोडले काम गर्छ कि गर्दैन, परिचयपत्रमा उल्लेख १३ अंकको नम्बरले प्रणाली अनुसार काम गर्छ कि गर्दैन, किसानले त्यो परिचय पत्रको आधारमा सुविधा पाउन सक्छ कि सक्दैन जस्ता कुराको परीक्षण गरेपछि मात्र देशभर लागु गर्ने उहाँले बताउनुभयो। किसान परिचयपत्र लागु गर्नका लागि किसान सूचिकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका संशोधनको कार्य भइरहेको छ।

यो असार मसान्तभित्र निर्देशिका पनि पारित हुन्छ त्यसपछि साउन वा भदौंदेखि सोही निर्देशिका अनुसार परिचयपत्र लागु गर्ने सहसचिव सञ्जेलले बताउनुभयो।

एउटा किसानको सम्पूर्ण विवरण सरकारले सङ्कलन गरेर किसानको तह निर्धारण गर्नेछ। र सोही तह अनुसार किसानलाई सुविधान दिनुको साथै कृषिको योजना तथा कार्यक्रम तयार गर्ने कृषि मन्त्रालयले जनाएको छ। किसानको विवरण तयार गरी पहिचान दिइसकेपछि ती किसानहरुलाई परिचयपत्र उपलब्ध गराउने छ। र सोही परिचयपत्रको आधारमा सरकारबाट प्राप्त हुने सम्पूर्ण सेवा सुविधा दिइने मन्त्रालयले जनाएको छ।

किसानले परिचयपत्र पाइसकेपछि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० को दफा १७ को उपदफा (१) अनुसार किसानलाई संघ, प्रदेश तथा स्थानीय तहबाट दोहोरो नपर्ने गरी कृषि उत्पादन, पूर्वाधार निर्माण, मल, बिउ, उपकारण जस्ता उत्पादन सामग्री वा बिमा प्रिमियममा सहुलियत, छुट, सुविधा तथा अनुदान उपलब्ध गराउनेछ। यसरी सहुलियत, छुट, सुविधा तथा अनुदान उपलब्ध गराउँद भूमीहिन, सीमान्तकृत, निर्वाहमुखी दलित, लोपोन्मुख आदिवासी तथा महिला किसानलाई विशेष प्राथमिकता दिनुपर्ने नियमावलीमा उल्लेख छ। सहुलियत, छुट, सुविधा तथा अनुदान रकमको दुरुपयोग गर्ने, झुट्टा विवरण तयार गरी अनुदान लिने दिने व्यक्ति वा संस्थाको अभिलेख राख्ने र भविष्यमा त्यस्ता व्यक्ति वा संस्थालाई सेवा, सुविधा, अनुदानबाट बञ्चित गर्ने तथा अनुदानको रकम सोधभर्ना गराउने नियमावलीमा उल्लेख छ।

किसानले परिचको विवरण संकलन गरिसकेपछि प्रणालीमा सम्बन्धित किसानको व्यक्तिगत खाता पनि सृजना गरिनेछ र सोही खाताको आधारमा किसानलाई संकेत नम्बर दिइनेछ। परिचयपत्र प्राप्त गरिसकेपछि वा प्रमाणीकरण हुने किसानले एक भन्दा बढी स्थानीय तहमा कृषि कार्य सञ्चालन गरेको भएमा कुनै एक स्थानीय तहमा मात्र सूचिकृत हुन पाउनेछन्। तर विवरण सम्बन्धित स्थानीय तहहरुको अभिलेखमा राख्न सकिने व्यवस्था मन्त्रालयले गरेको छ। कृषि सम्बन्धी व्यवसायमा क्रियाशील समूह, सहकारी, निजी फार्म र कम्पनीहरुले समेत प्रणालीमा आवद्ध हुन सक्ने व्यवस्था गरिएको छ।

संघ, प्रदेश वा स्थानीय तहका परिचयपत्र प्राप्त गरेका किसानले पाएको सेवा, सुविधा, सहुलियत एवं अनुदान सम्बन्धी विवरण राख्न मिल्ने गरी प्रणाली सञ्चालन गरिनेछ र सो विवरण सम्बन्धित किसानको खातामा समेत अध्यावधिक हुने जनाइएको छ। मन्त्रालयले देश भरिका, प्रदेशले सम्बन्धित प्रदेश र र स्थानीय तहले सम्बन्धित पालिका अन्तर्गतका किसान र उनीहरुलाई उपलब्ध हुने सेवा सुविधाहरुको विवरण अध्यावधिक गरी अभिलेख व्यवस्थित गरी राख्नु पर्नेछ।

# सरकारले मूल्य तोकेपनि किसानले पाउँदैन उचित मूल्य

सरकारले प्रत्येक वर्ष धान तथा अन्य बालीको न्युनतम समर्थन मूल्य तोक्दै आएको छ तर त्यसबाट अधिकाँश फाइदा लिन सकिरहेको छैन। सरकारले समर्थन मूल्य तोके पनि किसानले उचित मूल्य नपाएको गुनासो गरिरहेका हुन्छन्। हालै बसेको मन्त्रिपरिषद्को बैठकले मध्यम धानको समर्थन मूल्य तीन हजार ५८० रुपियाँ ६२ पैसा र मोटा धानको न्युनतम समर्थन मूल्य तीन हजार ४१० रुपियाँ ५१ पैसा प्रतिक्विन्टल तोकेको छ। गत वर्षभन्दा मूल्यमा वृद्धि गरेको छ।

गत वर्षभन्दा यसपटक मध्यम धानको प्रतिक्विन्टलमा २१८ रुपियाँ ६२ पैसा र मोटा धानको २१२ रुपियाँ ५१ पैसाले वृद्धि भएको छ। विगत पाँच वर्षदेखि धानको मूल्य लगातार वृद्धि हुँदै आइरहेको छ। सरकारले आर्थिक वर्ष २०७६/०७७ माध्यम धानको मूल्य दुई हजार ६७३ रुपियाँ १६ पैसा र मोटा धानको दुई हजार ५३० रुपियाँ तोकिएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा माध्यम धानको मूल्य दुई हजार ८८५ रुपियाँ र मोटा धानको दुई हजार ७३५ रुपियाँ तोकिएको थियो। त्यस्तै, आ.ब. २०७८/०७९ मा माध्यम धानको मूल्य दुई हजार ९०९ रुपियाँ र मोटा धानको दुई हजार ७५२ रुपियाँ तोकिएको थियो। आब २०७९/०८० माध्यम धानको मूल्य तीन हजार १२८ रुपियाँ र मोटा धानको दुई हजार ९६७ रुपियाँ तोकिएको थियो भने २०८०/०८१ माध्यम धानको मूल्य तीन हजार ३६२ रुपियाँ र मोटा धानको तीन हजार १९८ रुपियाँ तोकिएको थियो।

कृषिमा बढेको लागत, किसान तथा सरोकारबालाको सुझाव र बजार मूल्यवृद्धिलाई आधार मानेर कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा धानको समर्थन मूल्य तोक्दै आएको छ। सरकारले समर्थन मूल्य तोक्दा किसानले लागत अनुसार मूल्य कम भएको गुनासो गर्दै आएको थियो।




"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ। चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ। ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ। प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ। दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन। यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ। शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन्। यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाइने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१–५५२५४००



## समाचार/विविध

### राजेन्द्र महतोले...

समन्वय गरि आर्थिक योजनाहरू कार्यन्वयन गर्ने योजना महतोको रहेको छ। आइपिओ, एनजिओ तथा आइएनजिओ, सिविओ, सिजीसँग समन्वय गर्ने तथा सार्वजनिक, निजी र सहकारी बिच साझेदारी गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा वैकल्पिक आर्थिक सञ्जाल र बजार विस्तार गर्ने राष्ट्रिय मुक्ति क्रान्तिले कार्ययोजना बनाएको छ।

**यस्तो छ तयारी**

बहुलराष्ट्र स्थापनाका लागि राष्ट्रिय मुक्ति क्रान्तिले दोस्रो चरणको कार्यक्रम सम्पन्न गरेको छ। दोस्रो चरणको कार्यक्रमका लागि १५ दिनसम्म तयारी थाल्ने निर्णय गरेको छ। त्यसका लागि उहाँले विभिन्न ४५ वटा समिति बनाउनु भएको छ। सो समितिले १५ दिनभित्र आआफूले पाएको कार्यविभाजन अनुसार कार्यको तयारी गर्ने बताइएको छ। पाँच खण्डमा गर्ने तयारीमा आन्तरिक विकास तथा सुदृढीकरण गर्नका लागि विभिन्न १६ वटा कार्यक्रम तय गरेको छ। त्यसमा विभिन्न नेताहरुलाई जिम्मेवारी सुम्पेको छ।

दोस्रोमा आम सहमति तथा सञ्चारका लागि तयारी गर्ने भनेको छ। त्यसको तयारीलाई १० खण्डमा विभाजन गरेको छ। त्यसमा सञ्चारमाध्यमसँग सम्पर्क बढाउनका लागि विभिन्न संवाद कार्यक्रम गर्नु साथै अन्य माध्यमबाट सम्पर्क बढाउन विभिन्न व्यक्तिलाई जिम्मेवारी बैठकले सुम्पेको छ। अर्थ तथा योजना निर्माणका लागि विभिन्न छ वटा समितिहरु निर्माण गरेका छन्। आत्मरक्षा तथा सुदृढीकरण तथा विकासका लागि पनि विभिन्न कार्यक्रम तय गरेको छ। तयारीका लागि चार वटा कार्यक्रम तय गरेको छ। त्यसमा आत्मरक्षा सुरक्षदस्ता सम्बन्धि कार्ययोजना निर्माण, वाइआइएलको कार्ययोजना निर्माण गर्ने, वाइआएलको एकेडेमी सञ्चालन गर्ने, साँस्कृतिक प्रतिरोध कार्यक्रमको कार्ययोजना तयार गर्ने रहेका छन्।

त्यस्तै पाँचौमा उच्च आत्मगत तयारीका साथ विकल्प सहितको बिद्रोहलाई अभ्यासमा लैजाने कार्यक्रम तय गरेको छ। यसको तयारीका लागि विभिन्न नौ वटा कार्यक्रम गर्ने भएको छ। त्यसमा चाहो (तामाङ स्वशासन प्रमुख), नायः (नेवा गुठी प्रमुख), तुम्हाहाङ (लिम्बु स्वशासन प्रमुख), मरर, माइन्जन-देवान, बडघर, भलमन्सा, महट्वाको सम्मेलन गर्ने तथा दुङह्युलमा अभ्यास भएको ग्राम गणतन्त्रको अभ्यासनलाई स्वनिगः अन्य क्षेत्रमा पनि विस्तार गर्ने कार्यक्रम तय गरेको छ। त्यस्तै, ग्राम गणतन्त्र, स्वराज अभ्यासलाई सबै कमाण्ड, ब्युरो, विशेष ब्युरोहरुमा अभ्यास गर्न पहल गर्ने, पार्टीको घोषणाका लागि आवश्यक विधान, घोषणापत्र नियमावली लेखन गर्ने, सिडियो कार्यालय खारेजीको लागि विस्तृत कार्ययोजना तयार गर्ने र पार्टी घोषण कार्यक्रम तथा मागपत्र पूस्तुत गर्ने कार्यक्रम रहेका छन्।

### पश्चिम बंगालको...

यो कुरा तत्कालिन प्रधानमन्त्री प्रचण्डले भन्दा मन्त्रीहरु मुसुमुसु हाँस्नुभएको थियो। एमाले अध्यक्ष ओलीले यसरी कन्भिन्स गर्नुभएको थियो कि प्रचण्डलाई नेता, मन्त्री सांसद यहाँसम्म कि आफ्ना सचिवालयका सदस्य समेतले भनेको कुरामाथि विश्वास लागि रहेको थिएन। स्वर्ग पनि सँगै जाने, नर्क पनि सँगै जाने भनेको कुरामा प्रचण्ड यति विश्वस्त भइसक्नु भएको थियो आफ्नो आँखाका अगाडि सबै भइरहेको थियो त्यसमाथि पनि उहाँले विश्वास गरिरहनु भएको थिएन।

एमालेका अध्यक्ष ओलीले यतिसम्म गर्नुभयो कि अन्नपूर्णपोष्टका मालिक रामेश्वर खनालको घरमा काँग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गर्न जाँदा माओवादीका अध्यक्ष समेत रहनु भएका तत्कालिन प्रधानमन्त्री प्रचण्डलाई अलमलाउनका लागि विष्णु पौडेल र पृथ्वी सुव्वा गुरुङलाई बालुवाटार पठाउनु भएको थियो। गठबन्धन तथा अगामी सरकारलगायतका विषयमा त्यहाँ कुराकानी गरिरहनु भएको थियो उहाँहरु। तर त्यतिबेला पनि प्रधानमन्त्री प्रचण्डलाई खबर आइरहेको थियो कि रामेश्वर थापाको घरमा ओली र देउवाको बिचमा छलफल चलिरहेको छ। देउवा र ओली कहाँ कहाँ कसको घरमा, कसको होटेलमा वार्ता र छलफल गर्नु भयो ती सबै कुराको जानकारी प्रचण्डलाई भइ नै रहेको थियो तर त्यो भेटघाट कुरा के भएको त्यसको जानकारी कसैले दिइरहेको थिएन।

माओवादीका अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्री प्रचण्डले काँग्रेसका सभापति देउवालाई फोन गर्नुभएको थियो। तर देउवालाई फोन लागेन। एकछिन पछि फेरि फोन गर्नुभयो। देउवालाई फोन लागेपछि प्रचण्डले भन्नुभएको थियो, के हो देउवाजी ओलीजीले त राष्ट्रिय सहमतिको सरकार बनाउने रे त्यसका लागि हामी बिच छलफल हुनुपर्छ भन्नुभएको छ कुरा के हो।'

उताबाट देउवाले भन्नुभएको थियो, 'मलाई ढाँट्न आउँदैन, एमाले-काँग्रेस बिच गठबन्धन बनिसकेको छ, अब हामी अगाडि बढीसक्यौ।' त्यसपछि मात्र प्रचण्ड झसङ हुनुभएको थियो। अनि मात्र प्रचण्डलाई विश्वास लागेको थियो कि माओवादी-एमाले गठबन्धन भत्कियो अब सरकार पनि रहने छैन। त्यसपछि मात्र उहाँले आफ्ना निकटका नेताहरुसँग छलफल गर्नु भयो र यथार्थको कुराको जानकारी लिनुभएको थियो। त्यतिबेलासम्म एमाले-काँग्रेस धेरै नै अगाडि बढि सकेको थियो।

### मधेशको शिक्षा...

भाषामा स्थानीय तहले किन पठन पाठन गर्न सकेन रे। के उहाँहरुले भनेको कुरा सही हो त ? होइन गलत सोचाइ हो उहाँहरुको। अधिकारविहिन संघीयता आएको छ, अधिकार विहिन प्रदेशहरु बनाइएको छ। केन्द्रीय सत्ताले स्थानीय तहलाई आफ्नो मातहतमा राखेको छ। शिक्षा स्थानीय तहको मातहतमा छ भने मधेश सरकार वा मधेशी नेताले त्यहाँको शिक्षा कसरी बिगारे ? मधेशको कुनै कुरा मधेश सरकार तथा मधेशी नेताको हातमा छैन। त्यहाँका हरेक कुरा अहिले पनि त्यहीका सिडियो, एसपी, शिक्षा हेर्ने अधिकारीहरुले नै हेर्नुहुन्छ। एउटा पालिकाका अधिकृत तथा मेयर मात्र होइन त्यहाँका वडा सदस्यले पनि प्रदेश सरकारलाई टेर्दैनन्। मधेशमा पक्कै पनि मधेशी दल वा मधेशका मेयर, मधेशका कर्मचारी छन्। चाहे भने उनीहरुले गर्न सक्छन् तर उनीहरुमाथि पनि केन्द्री सत्ताको नियन्त्रण छ। केन्द्रीय सत्ताले जे भन्छ, जे नीति बनाउछ त्यही अनुसार उनीहरु गर्न बाध्य हुन्छन्। तर यो भएन त्यो भएन भनि मधेशलाई दोष लगाउने गरिन्छ। यसको बारेमा आजसम्म कुनै बौद्धिक वर्गले बोलेको छैन।

मधेशको शिक्षा आज यो दश वर्षको अवधिमा बिग्रको हो र। मधेशको शिक्षा आज बिग्रको हो र। पहिला मधेशले सारा नेपाललाई पढाउथे त्यो कुरा सत्य हो। तर जब महेन्द्रकाल सुरु भयो, त्यसपछि मधेशमा शिक्षाको दुरर्दशा सुरु भयो। सन् १९९१ मा मधेशका १० वटा जिल्ला साक्षरतामा सबभन्दा तल थिए। २००१ मा चार वटा जिल्ला तल थिए भने २०११ मा छ वटा जिल्ला र २०२१ मा सात वटा जिल्ला साक्षरतामा पछाडी छन्। के यो मधेशकै कारणले भएको हो त। मधेश सरकारकै कारणले यस्तो भएको हो। आज रातारात यी सब भएका हुन् त ? होइन। पञ्चायती व्यवस्थादेखि मधेशमाथि जुन शोषण भयो, जुन दमन भयो, जुन पूर्वाग्रही सोच राख्यो त्यसको परिणाम अहिले बाहिर आइरहेका छन्। देशको शिक्षा नीति मधेशको हकमा बनेको छैन, मधेशलाई सोचेर बनाएको छैन। खसवादी सोचमा ती नीतिहरु बनेका छन् जो मधेशको हकमा फिट भइरहेको छैन। यसमा मधेशका बौद्धिक वर्ग तथा प्रोफेसरहरु कहिले बोल्नु भएको छ भनि मैले सुनेको छैन।

देशका शिक्षा नीति नै खराब छ, यो परिवर्तन हुनुपर्छ भनि आवाज मधेशबाट पटक पटक उठेकै हो। त्यसका लागि आन्दोलन भएकै हो तर त्यसको सुनुवाई कहिले भएन। यसको बारेमा बौद्धिक तहबाट कुरा उठ्नु पर्थ्यो तर उठेन। बौद्धिक व्यक्तिहरु पनि यसमा मौन बसि दिनुभयो र आज उल्टै मधेशमाथि दोष थुपारिरहेका छन्। शिक्षाको स्तर बिग्रिनुमा त्यहाँका शिक्षकमा देख्नुभयो, व्यवस्थापन समितिमा देख्नुभयो, नेतामा देख्नुभयो, समुदायमा हेनुभयो तर किन बिग्रियो त्यसको कारण खोज्नु भएन। शरीरमा ज्वरो आएको छ भनि थर्मामिटरले नापेर हेर्नुभयो तर त्यो ज्वरो किन के कारणले आएको हो त्यसको कारण पत्ता लगाउनु भएन। यही छ समस्या। मधेशको शिक्षा बिग्रिनुमा त्यहाँको समुदाय, त्यहाँका शिक्षक, त्यहाँका अभिभावकलाई दोषी देखाउनु भयो तर किन बिग्रियो त्यसको कारण खोज्ने काम कही कतैबाट भएन। मधेशको शिक्षा बर्बाद होस् भनेर राज्य पक्षले प्लानिङ गरेर नै यी सब कुरा ल्याएको हो। पहाडमा राम्रो पढाउने शिक्षक मधेशमा किन नराम्रो पढाउछन् त के मधेशको शिक्षा त्यही राज्यको नियन्त्रणमा छैन जो पहाडको छ ? मधेशको शिक्षा कमजोर होस् भनि सिडियोले चाहेका छन्, मधेशको शिक्षाका कमजोर होस् भनि एसपीले चाहेका छन्, मधेशको शिक्षा कमजोर होस् भनि शिक्षा नीतिले चाहेको छ, मधेशको शिक्षा कमजोर होस् भनि शिक्षा अधिकारीले चाहेका छन् अनि मधेशीले चाहेर मात्र शिक्षामा सुधार हुन्छ त, हुँदैन। सबभन्दा पहिला राज्यले मधेशप्रति नियत र नीति दुवैमा सुधार गर्नुपर्छ।

१० कक्षासम्म स्थानीय भाषामा आफनो विद्यार्थीलाई पढाउनु हुन्छ जब प्लस टुमा जाँदा त्यही साइन्स, त्यही म्याथ, त्यही अन्य विषय नेपालीमै पढ्नुपर्छ अनि त्यतिबेला त्यो विद्यार्थीको हालत के हुन्छ। त्यही भएर मधेशका अभिभावकले आफ्नो विद्यार्थीलाई स्थानीय भाषामा पढाउन चाहेका छैनन्। त्यतिकै पनि मातृभाषाका कारण मधेशी विद्यार्थीको नेपाली भाषा कमजोर हुन्छ र पढाई लेखाइमा पछाडि परिरहेका हुन्छन् झन स्कुल तहमा मातृभाषामा पढेर कलेजमा गए भने त्यसको हालत के हुन्छ यसमा बौद्धिक वर्गले कहिले बहस चलाउनु भएको छ त ? स्थानीय भाषामा पढाई हुने हो भने कलेज लेभलसम्म हुनुपर्छ। विश्वविद्यालयसम्म हुनुपर्छ।

*(इन्टेलेक्चुअल फाउण्डेशन नेपालले आयोजना गरेको कार्यक्रममा जसपा नेपालका केन्द्रीय सदस्य बिक्की यादवले व्यक्त गर्नुभएको विचारको सम्पादन गरिएको अंश:)*

### राजेन्द्र महतोले...

फेरि नेकपा एमालेमै फर्किएका पूर्व नगरप्रमुख साहको अहिलेपनि नेकपा माओवादीका केहि केन्द्रीय नेताहरुसँग सुमधुर सम्बन्ध रहेको छ। उहाँ संघ र प्रदेशको लागि उम्मेदबार बन्ने चाहना राखे सजिलै उम्मेदबार बन्न सक्ने प्रबल संभावना भएपनि उहाँ लहान नगरपालिकाको नगरप्रमुख बाहेक अर्को पदको लागि चाहना नै गर्नुहुन्न। उहाँ भन्नुहुन्छ '१० वटा वडा भएको लहान नगरपालिकाको नगरप्रमुख भएर पाँच वर्षमा गरेको विकासले लहानले बल्ल विकासको लींक पक्रियो। बीस वर्ष स्थानीय चुनाव नै भएन। २०७४ सालमा थप १४ वटा वडाहरु थपिएर २४ वटा वडा भएको लहान नगरपालिका चुरे क्षेत्रदेखि दक्षिणमा समतल मैदानसम्म फैलिएको लहान नगरपालिकाको विकासको लागि 'हाम्रो लहान समृद्ध लहान'को नारा तय गरेर विकासको गति अगाडि बढाएपनि २०७९ मा पराजित भएपछि उहाले गरेका शिक्षा स्वास्थ्य कृषि पर्यटन र पूर्वाधारको क्षेत्रमा चाहे जस्तो काम हुन नसकेकोले लिएको सुन्दर सम्पन्न लहान बनाइ छाड्न एक पटक अझै लहान नगरपालिकाको नगरप्रमुख हुने धोको रहेको बताउनुभयो।

**समृद्धिको आधार**

पूर्व नगरप्रमुख साह लहानको शहरी र ग्रामीण क्षेत्रको सन्तुलित विकासको लागि ग्रामीण क्षेत्रमा रोजगार सृजना गर्न नमूना कृषि फार्म सञ्चालन गरेर आफ्नै गाउँ ठाउँमा रोजगारी सृजना गर्न सकिन्छ भने सन्देस आफैबाट दिनको लागि पनि एकिकृत कृषि फार्म सञ्चालनमा ल्याएको बताउनुहुन्छ। लहान नगरपालिकाको उत्तरी भेगमा रहेको १५, १६, १७ र १८ नम्बरमा नमूना पशुपालन गर्न सकिने संभावना छ। यसको लागि आफू नगरप्रमुख हुँदा कृषि शाखालाई सक्रिय बनाएको उहाँ अनुभव सुनाउनुहुन्छ। गफ गरेर समाजको समृद्धि संभव छैन। स्थानीय सरकारले किसानहरुको जीवनमा खुसी ल्याउन कृषिलाई आधुनिकीकरण गर्न आवश्यक छ। 'बजारीकरणको लागि आफू नगरप्रमुख रहेकोबेला ल्याएको नीति र कार्यक्रमहरुलाई निरन्तरता दिन लहान नगरपालिकाले काम गर्न नसकेकोमा आफूलाई चिन्तित बनाएको छ', उहाँले भन्नुभयो। आफूले सञ्चालन गरेको कृषि एकिकृत कृषि फार्म जस्तै समूहमा कृषिकहरुलाई फार्म सञलन गर्नपनि प्रेरित गरिरहनु भएको नगरप्रमुख पदमा रहँदापनि नरहँदापनि चर्चामा रहनु भएको छ।

**कृषि क्षेत्रमा चर्चा अनुसारको काम भएन**

कृषि क्षेत्रको चर्चा बढी हुने तर काम त्यस अनुसारको नहुने बिडम्बना रहेको आम चर्चालाई पूर्व नगरप्रमुख साहको बुझाईमा पनि त्यहि नै रहेको छ। सरकारले कृषकहरुको लागि दिएको सेवा सुविधा कृषकहरु समक्ष नपुग्नु, कृषि बैंकले अनुदानमा आएका सहुलियत ऋणहरु वस्तविक किसानहरुले पाउन नसकेर बिचौसलयाको माध्यमबाट अन्यत्र नै दिइने गरेको ठूलो समस्या छ। माछा पालन तरकारी खेति र कृषि फार्म सञ्चालनको लागि गर्नुपर्ने लगानी र निगरानी दुबै फितलो रहेको, कृषि ज्ञान केन्द्र , पालिकाहरुमा रहेको कृषि शाखाले आवश्यकताको आधारमा योजना निर्माण र बजेट व्यवस्थापन गर्नमा देखिएको निरासालाई अन्तय गर्नुपर्ने पूर्व नगरप्रमुख साहको सुझाव रहेको छ।


सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनले:

- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरुलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमा समेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार